वर्ष : २०, अंक : १५, काठमाडौं, २०८१ भाद्र ७ गते शुक्रबार, 23 August, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## मधेश प्रदेशको गुणस्तर शिक्षाका लागि परामर्श



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मधेश प्रदेशका महत्वपूर्ण योजनामा खुल्ला शैक्षिक पार्क समावेश गरेका छन् । यो सँगै, मधेश प्रदेशको शैक्षिक गुणस्तर विकासको लागि खुल्ला शैक्षिक पार्क एक नविन र महत्त्वपूर्ण कदम हुने विश्वास शिक्षा तथा संस्कृति मन्त्रालयका अधिकारीहरू तथा शैक्षिक सरोकारवालाहरुले व्यक्त गरेका थिए ।

मुख्यमन्त्री सतिश कुमार सिंहले विज्ञहरूको परामर्श र आधुनिक शिक्षाका परिवेशलाई ध्यानमा राखेर खुल्ला शैक्षिक पार्कको योजना निर्माण गरिएको र यसलाई पहिलो चरणमा मधेश प्रदेशका आठवटै जिल्लामा एक एक वोटा स्थापना गर्ने नीति लिइएको जानकारी दिएका छन्। उनले खुल्ला शैक्षिक पार्कलाई मधेशको कमजोर शैक्षिक अवस्था सुधार गर्ने एक नयाँ प्रयोगको रूपमा लिइएको र यसले विद्यार्थीहरू तथा अभिभावकहरुले नयाँ तरिकाले शैक्षिक ज्ञान र सीप सिक्ने विश्वास व्यक्त गरेका छन्। शैक्षिक पार्कको अवधारणा अनुसारको बिस्तृत परियोजना विकासको चरणमा रहेको छ। प्रारम्भिक अबधारणाको बारेमा विज्ञहरूसंग छलफल भै सकेको छ, त्यसको आधारमा स्थान छनोटको मापदण्ड तयारगरी स्थानीय तह र बिद्यालय संगको सहकार्यमा तत्काल काम सुरु गर्ने गरि प्रदेश सरकारले तयारी गरिरहेको कुरा एक कार्यक्रममा जानकारी गराएका छन्।

खुल्ला शैक्षिक पार्क पाठ्यक्रम कार्यन्वयनको नयाँ र सिकाईमैत्री अवधारणा भयको शैक्षिक सरोकारवालाहरुले बुझाई छ । शिक्षाविद् तथा मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक यदु प्रसाद ज्ञवालीका अनुसार शैक्षिक पार्कले विद्यार्थीहरूको जिज्ञासा र रुचि बढाउन मद्दत गर्नेछ। थियरी अफ मल्टिपल इन्टेलिजेन्स, सामाजिक शिक्षा सिद्धान्तहरू, र २१औं शताब्दीका सीपलाई मुख्य आधार मानेर शैक्षिक पार्कमा विद्यालयस्तरका पाठ्यक्रमसँग मेल खाने गरी फरक-फरक विभागहरू हुनेछन्। यी विभागहरूमा विज्ञान र प्रविधि, गणित, भाषा, संस्कृति र इतिहास, मस्तिष्क विज्ञान, र शारीरिक तथा मानसिक कल्याण जस्ता विषयहरू समावेश हुनेछन्।मधेसको शैक्षिक अवस्था सुधारमा यो प्रयोग महत्वपूर्ण हुने व्यक्त गरेका छन् ।

## मधेश प्रदेशको आफ्नै प्रहरी हुनेमा ढुक्क हुनुस् : गृहमन्त्री लेखक



जनकपुरधाम । गृहमन्त्री रमेश लेखकले प्रहरी समायोजनको प्रक्रिया अगाडी बढाउने काम भएकाले चाडै प्रहरी समायोजन हुने बताएका छन् ।

गृहमन्त्री लेखकले जनकपुरधाम विमान स्थलमा पत्रकारहरूसँग कुरा गर्दै मधेश प्रदेश सरकारको आफ्नै प्रहरी हुनेमा ढुक्क रहनका लागि आग्रह गरेका हुन् ।

उनले वर्तमान सरकार मुलुकमा सुशासन, शान्ति सुरक्षा तथा स्थिर सरकार दिने पक्षमा रहेको बताउँदै त्यसै अनुसार सरकारले कामकाज गरिरहेको बताए ।

## भ्रष्ट्रचार नगरे देश आफै बन्छ : राज्यमन्त्री चौधरी



काठमाडौँ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुण कुमार चौधरीले सबैले आ आफ्नो धर्मको पालना गरे देशमा भ्रष्ट्रचार स्वतः कम हुने बताएका छन् । बुधबार काठमाण्डौंको बालाजुमा श्रीकृष्ण जन्माष्टमीको अवसरमा आयोजित श्रीमद्भागवत महापुराण एवं श्रीमद्वाल्मीकीय रामायण ज्ञान महायज्ञलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

'देशमा विकृति, बिसंगति, भ्रष्टाचार, बेथिति बढ्दै गयो भनेर गुनासो गर्ने, गाली गर्ने र आन्दोलन गर्ने र देश छाडेहरुको संख्या बढ्दै गएको छ । हो, समस्या छन् । तर, समस्या छ भनेर गाली गर्ने बिरोध गर्ने मात्रै गरेर त्यसको न्युनीकरण र समाधान हुन्छ त ?', राज्यमन्त्री चौधरीले प्रश्न गर्दै भने, 'यि यस्ता सबै समस्याको एउटै कारण मानिसहरु आफ्नो धर्मबाट बिचलित हुनु हो । जब कोही आफ्नो धर्मबाट विचलित हुन्छ अनि त्यहाँ विनास र बिकृती सुरु भइहाल्छ । समस्या सुरु भइहाल्छ ।'

देशका नागरिक देखि हरेक तहतप्काका जिम्मेवार व्यक्तिले आफ्नो पदीय जिम्मेवारी र धर्म अनुसार काम गरेमा समस्या समाधान हुने उनको तर्क छ ।

'हरेक नागरिकहरुले पनि राज्यप्रति, समाजप्रति वहन गर्नुपर्ने आफ्नो दायित्व र धर्म निर्वाह गर्नुपर्यो । मैले पनि नागरिह हुनुको धर्म, नेता हुनुको धर्म, जनप्रतिनिधि हुनुको धर्म अनि राज्यमन्त्रीको धर्म , राज्यमन्त्रीले देशका लागि निभाउनु पर्ने धर्म सम्झिएर काम गर्छु । यसरी नै सबैले आ-आफ्नो धर्म पालना मात्रै गर्नुभयो भने देश आफै बन्छ', उनले भने ।

# आधारभूत संगठन निर्माण अभियानमा उपेन्द्र यादव

### जसपा नेपालको केन्द्रीय समिति बैठकका ६७बुँदे निर्णयहरू सार्वजनिक

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालले हालै सम्पन्न केन्द्रीय समितिको बैठकले गरेका ६७ बुँदे समसामयिक राजनीतिक निर्णयहरु सार्वजनिक गरेको छ ।

शनिबार पार्टीका अध्यक्ष उपेन्द्र यादवले राजबन्दी रिहाई र मुद्दा खारेजी, संघीयता कार्यान्वयन, संविधान संशोधनलगायतका विषयमा भएका निर्णयलाई पार्टीका तल्लो तहमा सर्कुलर समेत गरेका छन् ।

जसपा नेपालले भदौ ९ गते काठमाडौंस्थित काठमाडौं ब्याङ्क्वेटबाट चार महिने आधारभूत संगठन निर्माण अभियान घोषणा गर्दैछ । पार्टीका अध्यक्ष यादवले एक कार्यकमका बीच गर्ने अभियानको उद्घाटन कार्यकम रहेको छ ।

जसपाले आफ्ना चार सय पन्ध्र जना केन्द्रीय सदस्यलाई अभियन्ताको रुपमा पालिकामा संगठन निर्माणको लागि खटाएको छ भने केन्द्रीय कार्यकारिणी समिति सदस्यलाई सो अभियानको अनुगमनकर्ता बनाउने भएको छ ।

आगामी भदौ ९ गते आधारभूत सङ्गठन निर्माणको चार महिने अभियानको



उद्घाटन गर्न लागेको जनता समाजवादी पार्टी (जसपा) नेपालले केन्द्रीय अभियन्तालाई कार्यादेश तोकेको छ ।

पार्टी अध्यक्ष उपेन्द्र यादवले आइतबार परिपत्र जारी गरी वैचारिक तथा राजनीतिक प्रशिक्षण सञ्चालन गर्ने गरी केन्द्रीय सदस्यहरुको कार्यादेश तय गरेका छन् । जसअनुसार केन्द्रीय अभियन्ताले पार्टीको विधान, पार्टीको एकताको राष्ट्रिय महाधिवेशनमा प्रस्तुत राजनीतिक दस्तावेजका सम्बन्धमा प्रशिक्षणको आयोजना गर्नुपर्ने छ ।

त्यस्तै विभिन्न राजनीतिक दलहरूसँग जसपाको राजनैतिक-वैचारिक भिन्नता, उत्पीडित जाति/समुदायको पहिचान, राजनीतिक अधिकार, राज्यमा समान प्रतिनिधित्व, सामाजिक विभेद लगायतका विषयहरूको उजागर गर्ने काम समेत अभियन्ताले गर्नेछन् ।

त्यस्तै केन्द्रीय अभियन्ताले कोशी प्रदेशको नाम खारेजी र ऐतिहासिक पहिचानको आधारमा नामाङ्कन गर्नका लागि दबाब सिर्जना गर्न, समुदायमा जागरण ल्याउने र पार्टी विभाजनबारे भण्डाफोर गर्नुपर्ने भनि निर्देशन गरिएको छ ।

पार्टीका चार सय पन्ध्र जना केन्द्रीय अभियन्तालाई पार्टीको आदर्शहरु सङ्घीयता, सुशासन, सामाजिक न्याय र समाजवाद तथा पार्टीको लक्ष्य - समाजवादी लोकतन्त्रको अवधारणा बारे र समसामयिक राजनीतिक परिस्थिति र पार्टीको दृष्टिकोण प्रष्ट्याउने गरी केन्द्रीय नेताहरुलाई अभियानमा खटाइने भएको छ ।

चुरे वन संरक्षण सम्बन्धमा जनजागरण अभियान सञ्चालनलाई पनि जसपा नेपालले केन्द्रीय सदस्यको अभियानको कार्यादेश भनि निर्धारण गरेको छ ।

जसपा नेपालको साउन २७-३० मा सम्पन्न केन्द्रीय समितिको बैठकले केन्द्रीय सदस्यहरुलाई अभियन्ताको रुपमा चार महिना पालिकामा संगठन निर्माणका लागि खटाउने निर्णय गरेको थियो ।

*६७बुँदे निर्णयहरु पृष्ट ४ मा*

## नेपाल-भारत सहकार्यलाई थप सुदृढ बनाउने तरिकाबारे छलफल

काठमाडौं । भारतका विदेशमन्त्रीको निमन्त्रणामा नेपालका परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा भाद्र २-६ गतेसम्म भारतको औपचारिक भ्रमण गरेकी छिन् । दुवै देशका परराष्ट्रमन्त्रीले भारत-नेपाल द्विपक्षीय साझेदारीका व्यापक पक्षलाई समेट्दै सोमबार द्विपक्षीय कुराकानी गरेका हुन् । उनीहरुले विभिन्न द्विपक्षीय पहल र विकास परियोजनाहरुमा भएको प्रगतिको समीक्षा गर्नुका साथै पारस्परिक लाभदायी सहकार्यका विद्यमान र नयाँ क्षेत्रमा थप सहयोगका अवसरहरुबारे पनि छलफल गरे ।

गहिरो ऐतिहासिक, सभ्यतागत, साँस्कृतिक र जनता-जनताबीचको सम्बन्ध रहेको भारत र नेपाल घनिष्ठ र हितैषी छिमेकीहरु हुन् । हालैका वर्षहरुमा भारतको सहयोगमा नेपालमा सञ्चालित परियोजनाहरुले गति



हासिल गरेको छ, जुन विशेष गरी पूर्वाधार, अन्तरदेशीय रेलमार्ग, सडक र पुलसँग सम्बन्धित अन्य परियोजना, एकीकृत जाँचचौकी, पेट्रोलियम पाइपलाइन र डिजिटल वित्तीय कनेक्टिभिटी लगायत कनेक्टिभिटीका क्षेत्र जस्तैं भौतिक, डिजिटल साथसाथै जनता-जनताबीचको सम्बन्धमा प्रकट भएको छ ।

नेपालले अब करिब १००० मेगावाट विद्युत निर्यात गर्न सक्ने र यसले नेपालका लागि आम्दानी र भारतका लागि स्वच्छ ऊर्जाका थप स्रोतहरुको सिर्जना गर्नेबारे चर्चा गर्दै दुवै पक्षले ऊर्जा सहकार्यको क्षेत्रमा पारस्परिक लाभदायी साझेदारीमा भएको प्रगतिका बारे कुरा गरेका थिए ।

यस सम्बन्धमा दुवै परराष्ट्रमन्त्रीले दीर्घकालीन ऊर्जा व्यापार सम्झौताको कार्यान्वयनका कारण ऊर्जा सहकार्यको क्षेत्रमा उपलब्ध अभूतपूर्व अवसरहरु उपर छलफल गरे ।

नेपाल र भारतबीच सहकार्यको अर्को क्षेत्रका रुपमा खेलकुद उदाइरहेको उल्लेख गर्दै नेपाली क्रिकेट टोलीका लागि हालै बैंगलोरस्थित नेशनल क्रिकेट एकेडेमीमा व्यवस्था गरिएको प्रशिक्षण कार्यक्रमको पनि सराहना गरियो ।

## दलितको घर निर्माणमा भ्रष्टाचार गर्नेलाई कारवाही नगरिए आन्दोलन गर्ने चेतावनी

सर्लाही । आम जनता पार्टी (आजपा) निकटको आम दलित मोर्चाले दलित समुदायको आवास निर्माणको रकम फ्रिज गराउनेलाई कारवाही गर्नुपर्ने माग सरकारसँग गरेको छ ।

आम दलित मोर्चाका केन्द्रीय अध्यक्ष ठगा दासको नेतृत्वमा बिभिन्न माग गर्दै मोर्चाले जिल्ला प्रशासन कार्यालय सर्लाहीलाई ध्यानाकर्षण पत्र बुझाउदै यस्तो माग गरेको हो । मोर्चाले प्रधानमन्त्री केपी शर्मा ओली र मधेश प्रदेशका मुख्यमन्त्री सतीस सिंहलाई समेत सो ध्यानाकर्षण पत्र बोधार्थ गर्दै सम्पूर्ण गरिब दलितलाई आवासको व्यवस्था गर्न माग गरेको छ ।



'मधेश सरकारले जनता आवास कार्यक्रम, सुरक्षित आवास निर्माण कार्यक्रम, महेन्द्रनारायण निधि आवास निर्माण कार्यक्रम ल्यायो तर पनि हामी दलित समुदायको घर निर्माण हुन सकेन् । अहिले फेरी मधेश सरकारले मदन भण्डारी आवास निर्माण कार्यक्रम ल्याएको छ । आयोजनाको नाम परिवर्तन हुन्छ तर हाम्रो घर निर्माण हुदैछ । हाम्रो नाममा लुटने काम सरकारले गरिरहेको छ । भ्रष्टाचारीलाई कारवाही गर्नुपर्ने र हाम्रो घर निर्माण हुनुपर्ने हाम्रो माग हो । नाम जे राखे पनि हाम्रो घर निर्माण हुनुपर्ने हाम्रो माग हो । हाम्रो घर पनि निर्माण नहुने र हाम्रै नाममा लुटने काम भईरहेकाले सरकारले हाम्रो माग सम्बोधन नगरे बाध्य भएर हामी आन्दोलनमा उत्रिन्छौं' दलित मोर्चाका अध्यक्ष ठगा दासले भने ।

गरिब दलित परिवारको सरकारले पटक पटक गरी बिभिन्न नामको आयोजना ल्याए पनि गरिब दलितहरुको घर निर्माण नभएकोमा उनले आक्रोश व्यक्त गरे । मधेश प्रदेशमा हजारौं दलित परिवार घरबार बिहिन छन् । उनीहरुको जिवन कष्टकर रहेको छ । चर्को गर्मी होस्, चिसो तथा बरसातको समयमा उनीहरु कष्टकर जिवन बाच्नुपर्ने अवस्था रहेको दासले जनाएका छन् ।

## सम्पादकीय

# राजनीतिक अराजकता बढ्दै

व्यक्तिगत ढिपीलाई राजनीतिको संज्ञा दिँदै राष्ट्रकै समय बर्बाद गर्ने नेता र दलको विगविगि बढेको छ। नीति निर्माण, ऐन कानून, आर्थिक विकास, सुशासन, भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने जिम्मेवारी पाएका जनसेवकहरू आफूलाई ठेकेदारको रूपमा रूपान्तरित गर्दै राष्ट्रलाई राजनीतिक दूर्घटना तर्फ धकेल्न सर्व कार्य थालेका छन्। प्रजातन्त्रलाई संस्थागत नै नगरि गणतन्त्र र संघीयतालाई असफल बनाउनेतिर मुख्य राजनीतिक दल र तिनका नेताहरु लागेका छन्। नेतृत्वको जिम्मेवारी दिने जस्ता प्रमुख अराजकता नेपाली राजनीतिमा भेटिन्छ। अपराधी र अपराधका अभियोगमा मूछिएका सांसदलाई जनताले कानून निर्माणको जिम्मेवारी दिएको छ।

देशमा अहिले व्यापक असन्तुष्टिहरु देखिएका छन्। जनता र देशको भविष्यलाई राजनीतिक नेतृत्वहरुले अन्धकारमा धकेलिरहेका छन्। हालै श्रीलंका र बंगलादेशमा भएका घटनाबाट पनि हाम्रा राजनीतिक नेतृत्वहरु चेतिएका छैनन्। एउटा पार्टी र विचार मानेर चुनाव जित्ने तर आफू खुशी पार्टी फुटाउने वा पार्टी परित्याग गर्ने परम्पराले राजनीतिक अराजकताको अर्को स्वरूपको व्याख्या गर्छ। जनताबाट जितेकाहरू अन्य तरिकाले नेतृत्व पाएकाहरूका सामु टिक्न नसक्नु, जनताको आकांक्षालाई नजरअन्दाज गरी राष्ट्र वा सरकार सञ्चालनका जिम्मेवारी पाउनु पनि अराजकताको प्रारूप नै हो।

राष्ट्रको समस्या, जनताको चाहना र विश्वको परिवेशलाई बिर्सेर पार्टी राजनीति मात्र गर्ने अधिकाँश राजनीतिक दलका नेताहरूमा राष्ट्रिय चिन्तनको अभाव पाइन्छ। मधेशवादीलाई हिमाल र पहाडको समस्याले पिरोल्दैन। ठूला दललाई मधेशीका समस्याले छुन्न। भौगोलिक एकीकरणमा मात्र रहेका नेपाली-नेपालीबीचको दूरीलाई अवसरको रूपमा प्रयोग गर्छन् यी नेताहरू। राष्ट्रिय चिन्तन र स्वाधीनताको कमीकै कारण मुलुक सरकारविहीन, जनता सुरक्षाविहीन र संविधान राजनेता विहीन अवस्थामा रहेको छ।

नेपालको संविधान जारी भएको ९ वर्ष पूरा हुन लागेको छ, तर यसको भविष्य संकटग्रस्त देखिन्छ। यो संविधानमा भएका त्रुटिहरुकै कारण अहिले मुलुकमा अस्थिरता उत्पन्न भएको सर्वविदित्तै छ। विश्वकै उत्कृष्ट संविधान भनेर प्रचारबाजी त गरियो तर यो संविधानका त्रुटिहरुकै कारण दिनप्रति दिन मुलुकमा विस्फोटक अवस्था हुन थालेको छ।

# संघीयतालाई सशक्तीकरण गर्नुपर्दछ



सुरेश मण्डल

> प्रदेशको नाममा खटिने कर्मचारीहरू प्रदेशको मातहत आउनुपर्दछ। चाहे त्यो प्रमुख सचिव होस् कि डीआईजी। संविधानमा हुँदै नभएको प्रमुख जिल्ला अधिकारी ( सीडीओ) लाई गैरसंवैधानिक किसिमले राखी संघीयतालाई नियन्त्रण गर्न खोजिएको छ।

नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता सहकार्यका लागि सातबुँदे सम्झौता भएदेखि संविधान संशोधनको विषय चर्चाको शिखरमा पुगेको छ। दुवै दलका नेताले हस्ताक्षर गरेको सम्झौताको मूल दस्तावेज अझै गोप्य राखिएको छ। तर प्रधानमन्त्री केपी शर्मा ओलीले संसद्मा सहमतिका बुँदाहरू वाचन गरेका थिए। सम्झौतामा उल्लेख अन्य विषयभन्दा संविधान संशोधनको विषयले बढी चर्चा पाएको छ।

संविधान संशोधन हाम्रो पनि एजेन्डा हो। मधेशी, आदिवासी जनजाति, दलित, मुस्लिम, थारूलगायत अल्पसंख्यक समुदायहरूले संविधानसभामार्फत आफ्नो अधिकार प्राप्तिको चाहना राखेका थिए, ती तमाम जनसमुदायहरू अहिले २०७२ को संविधानले प्रदान गरेको अधिकारलाई संरक्षण तथा संस्थागत गर्दै यसमा भएका कमीकमजोरीहरूलाई हटाउनका लागि अग्रगामी संशोधनको अपेक्षामा छन्। तर प्रतिगामी संशोधन कदापि स्वीकार्य हुनेछैन। अहिले राजनीतिक वृत्तमा चर्चा भइरहेको र कांग्रेस र एमालेका नेताहरूले वकालत गरिरहे जस्तै 'थ्रेस होल्ड'को प्रतिशत बढाउने र 'टु पार्टी सिस्टम' लाद्ने, संघमा समानुपातिक सांसदहरूको प्रतिनिधित्वलाई राष्ट्रिय सभामा सीमित गर्ने, प्रदेशमा समानुपातिक सांसदको व्यवस्था पूर्णरूपेण हटाउने र स्थानीय तहको संख्या घटाउने लगायतका विषय भने संशयपूर्ण छन्।

हामी मान्दछौं कि वर्तमान संविधानमा धेरै त्रुटिहरू छन् तर धेरै राम्रा पक्षहरू पनि छन्। राम्रा पक्षलाई संरक्षण गर्न अति आवश्यक छ। तसर्थ मधेश आन्दोलन, माओवादी जनयुद्ध तथा जनआन्दोलनबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै यो नौ वर्षको अवधिमा हामीले काम गर्दा भोगेका कमीकमजोरी तथा कठिनाइहरूका आधारमा संविधानमा संशोधन गर्न आवश्यक छ। त्यस कारण मधेशको दृष्टिकोणबाट यस २०७२ को संविधानलाई परिपूर्ण, सफल र दीर्घकालीन बनाउन निम्न संशोधनहरू आवश्यक देखिन्छ :

**राज्य पुनःसंरचना :** मधेश विद्रोहको सबैभन्दा ठूलो उपलब्धि संघीयता हो। यसले गर्दा नै देशमा समानुपातिक समावेशीकरण, निर्वाचन प्रणालीमा मिश्रित (प्रत्यक्ष र समानुपातिक), निर्वाचन क्षेत्रको संख्यामा वृद्धि, वर्षौंदेखिको नागरिकताको समस्या समाधान लगायतका ठूल्ठूला उपलब्धिहरू प्राप्त भएका छन्। वर्षौंदेखिको केन्द्रीकृत सत्तालाई भत्काउँदै मुलुकमा संघीयतामा ल्याउन हामी नेपाली जनता मधेश जनविद्रोहबाट नै सफल भएका हौं। त्यसअघि १० वर्षे जनयुद्ध र १९ दिनको जनआन्दोलनले प्राप्त महान् उपलब्धि लोकतान्त्रिक गणतन्त्र हो। तर १२ बुँदे दिल्ली सम्झौताको जगमा सफल भएको जनआन्दोलन र त्यसपश्चात् सुरु भएको शान्ति प्रक्रियाका कामका क्रममा जब नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादीले अन्तरिम संविधान, २०६३ घोषणा गरे, तब संघीयतालाई तिलाञ्जली दिए। पहिचान र सामर्थ्यका आधारमा संघीय शासन सुरु हुने अपेक्षामा रहेका मधेशीलगायत अन्य समुदाय झस्किए। त्यसपछि मधेशमा ऐतिहासिक मधेश जनविद्रोह भयो र राज्यले संघीयतामा जाने वाचा गर्न बाध्य भयो।

पहिलो संविधानसभा राज्य पुनःसंरचना समिति बन्यो। जसको बहुमत सदस्यले (१०+१) अर्थात् ११ प्रदेशको खाका सिफारिस गर्‍यो। तर षड्यन्त्रपूर्वक त्यस संविधानसभालाई विघटन गरियो र प्रथम संविधानसभामा मजबुत अवस्थामा देखिएका मधेशी, आदिवासी जनजाति, दलित, थारू, मुस्लिम लगायतका समुदायहरूलाई कमजोर बनाउने काम भयो। दोस्रो संविधानसभामा पुरानै राजनीतिक शक्ति कांग्रेस र एमाले नै शक्तिशाली भएर आए। नेपाली जनताको वर्षौंदेखिको पहिचान र सामर्थ्यका आधारमा हुने राज्य पुनःसंरचनाको सपनामाथि कुठाराघात भयो। नेकपा माओवादीसमेत त्यसमा सामेल भयो। मधेश विद्रोह एवं आन्दोलनको भावनाविपरीत मधेशमा प्रदेशहरू बने। मधेशमा बढीमा दुई प्रदेश (नारायणी पूर्व मेचीसम्म- मधेश प्रदेश, नारायणी पश्चिम कञ्चनपुरसम्म- थरुहट तराई प्रदेश) को सपना पूरा भएन। तसर्थ अबको संविधान संशोधनको मुख्य एजेन्डा मधेशमा दुई प्रदेश र नेपालमा (१०+१) को अवधारण नै हुनुपर्छ।

**निर्वाचन प्रणाली :** संविधानले व्यवस्था गरेको निर्वाचन प्रणाली निकै खर्चिलो र झन्झटिलो भयो। जोसँग पैसा छ, त्यही नेता/जनप्रतिनिधि हुने देखियो। जनप्रतिनिधिहरूमा गुन्डा, व्यापारी, दलालहरूको वर्चस्व देखियो। भ्रष्टाचार बढ्नुको एउटा मुख्य कारण यो पनि हो। तसर्थ निर्वाचन प्रणालीलाई पारदर्शी, कम खर्चिलो र कम भड्किलो बनाउन आवश्यक छ। निर्वाचनमा टिकट किनबेच, भोटको खरिदबिक्रीको प्रभाव घटाउन आवश्यक छ। निर्वाचनपछि जनप्रतिनिधिहरू निर्वाचनका क्रममा भएको खर्च असुलीको नाउँमा भ्रष्टाचार गर्ने प्रवृत्तिलाई रोक्न पूर्ण समानुपातिक निर्वाचन प्रणाली आवश्यक छ। समानुपातिक प्रणालीमा उम्मेवारी सूचीमा पर्न गरिने चलखेललाई रोक्न प्राथमिकता सूचीको निर्धारण गरिनुपर्छ। त्यसक्रममा दलभित्र आन्तरिक लोकतान्त्रिक प्रतिस्पर्धा तथा कार्य मूल्यांकन प्रोफाइलका आधारमा गरिनुपर्दछ।

**शासकीय स्वरूप :** नेपालमा राष्ट्रपतिलाई कार्यकारी प्रमुख बनाइनुपर्दछ भन्ने नेकपा माओवादी र जसपा नेपालको जोडदार तर्क रहँदै आएको छ। नेपाली कांग्रेस राष्ट्रपति 'सेरेमोनियल' तथा प्रधानमन्त्री कार्यकारी हुनुपर्ने वकालत गर्छ। नेकपा एमाले भने यस विषयका स्पष्ट छैन। संविधानसभा निर्वाचनमा भने उसले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र कार्यकारी राष्ट्रपतिको एजेन्डा अघि सारेको थियो। नेपालमा सरकार नटिक्नु र पार्टीहरू विभाजन भइरहनुको मुख्य कारण प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रप्रमुख नहुनु हो। तसर्थ राष्ट्रप्रमुख राष्ट्रपति हुने कि प्रधानमन्त्री हुने ? यस विषयमा सहमति गरी कार्यकारी प्रत्यक्ष निर्वाचित नै हुनुपर्दछ।

यो संविधान लागू भएदेखि ९ वर्षमा ८ वटा प्रधानमन्त्री फेरिसकियो। अर्को कुरा एउटै व्यक्ति धेरै पटक एउटै पदमा रहेर 'सिन्डिकेट' खडा गरेको पाइन्छ। त्यस कारण पदीय जिम्मेवारीमा कसैको व्यक्तिगत रेकर्ड बनाउनुभन्दा पनि काम गर्न गएको हो भन्ने बुझ्नुपर्दछ/। तसर्थ राष्ट्रपति एक पटक (सेरेमोनियल भए), प्रधानमन्त्रीको दुई पटक (कार्यकारी भए) र मन्त्री/सांसद ४ पटकसम्म हुने व्यवस्था हुनुपर्दछ।

**सशक्त संघीयता : अधिकारसम्पन्न प्रदेश :** मधेश विद्रोहको कारण बाध्यतावश राज्यले संघीयता स्वीकार गरे पनि यसलाई अधिकारविहीन र केन्द्र शासित नै बनाइयो। प्रदेश सरकार प्रहरी प्रशासनबिनाको बनायो। कतिपय कानुनहरू संघ, प्रदेश र स्थानीय तहमा बाझिने गरी बनाइयो। जसले गर्दा सत्ता सञ्चालन र सुशासन कायम गर्न हम्मेहम्मे छ। त्यसकारण प्रदेशको नाममा खटिने कर्मचारीहरू प्रदेशको मातहत आउनुपर्दछ। चाहे त्यो प्रमुख सचिव होस् कि डीआईजी। संविधानमा हुँदै नभएको प्रमुख जिल्ला अधिकारी (सीडीओ) लाई गैरसंवैधानिक किसिमले राखी संघीयतालाई नियन्त्रण गर्न खोजिएको छ। तसर्थ समायोजन हुन बाँकी रहेका प्रहरी लगायतका संरचना र बनाउन बाँकी रहेका ऐन कानुन बनाई संघीयतालाई सशक्तीकरण गर्नुपर्दछ। साथै प्रदेश सरकारलाई अधिकारसम्पन्न बनाउनुपर्दछ।

**प्रदेश मातहत स्थानीय तह :** स्थानीय तहलाई पार्टीविहीन (पार्टीलेस) बनाउनुपर्दछ। स्थानीय तहमा पार्टीको टिकटले चुनाव लड्नुपर्ने व्यवस्थाको अन्त्य गरिनुपर्दछ। यो एउटा विकास 'युनिट' हो। यहाँ सक्षम, योग्य र जनप्रिय इमानदार मान्छे चुनाव लड्न सक्नुपर्दछ। त्यसका लागि पार्टीको टिकट जरुरी पर्नु हुँदैन। स्थानीय तह राजनीतिको 'ग्रासरुट' हो, त्यहाँ पार्टीगत कलह पैदा गर्न हुन्न। न्यायिक समिति उपप्रमुखको नेतृत्वमा छ, तर अमुक पार्टीको हुने भएकाले जनविश्वास आर्जन हुन सकेको छैन। त्यसैले चौकीको प्रहरीले सामाजिक झै-झगडामा छलफल गर्ने गरेको देखिन्छ।

अर्को महत्त्वपूर्ण विषय स्थानीय तहलाई सिंहदरबारले नियमन र नियन्त्रण गर्न सकिरहेको छैन। ७५३ स्थानीय तहसम्म पुगेर अनुगमन, सुशासन र प्रभावकारिकता कायम गर्न संघीय सरकारलाई हम्मेहम्मे छ। अर्को प्रदेश सरकारसमक्ष कामको अभाव छ। त्यसकारण संघले प्रदेशलाई बजेट, सुशासन, अनुगमन, नियन्त्रण आदि इत्यादि गर्ने र प्रदेश सरकारले स्थानीय तहलाई सोही अनुसार बजेट, सुशासन, नियमन, अनुगमन र कर्मचारी व्यवस्थापन गरे संघ, प्रदेश र स्थानीय तहबीच राम्रो समन्वय भई देश एउटा प्रणालीमा आउँथ्यो र सुशासन तथा समृद्धि सहज हुन्थ्यो।

**जनप्रतिनिधिको शैक्षिक योग्यता :** विश्वका धेरै मुलुकहरूले जनप्रतिनिधिहरूको शैक्षिक योग्यता निर्धारण गरेको छ। अहिलेको तीनवटै तहमा विधेयक, ऐन, कानुन, कार्यविधि बनाउनुपर्ने भएकाले जनप्रतिनिधिहरू योग्य, सक्षम र कानुनी रूपले जानकार हुनैपर्दछ। तसर्थ स्थानीय तहदेखि नै जनप्रतिनिधिहरूको न्यूनतम शैक्षिक योग्यता निर्धारण हुनुपर्दछ। कानुनको अज्ञानताले पनि धेरैजसो जनप्रतिनिधिहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानमा पर्ने गरेका छन्। साथै अन्य आरोप र कारबाहीमा पर्ने गरेका छन्। त्यसकारण स्थानीय तहका प्रमुखका लागि 'प्लस टु/पीसीएल' र प्रदेश तथा प्रतिनिधिसभा सांसदका लागि स्नातक न्यूनतम शैक्षिक योग्यता तोकिनुपर्दछ।

**एकल सदनात्मक संसदीय व्यवस्था :** हाल नेपालको संविधानले दुई सदनात्मक संसदीय व्यवस्थाको व्यवस्था गरेको छ। नेपालको कमजोर आर्थिक अवस्थालाई मध्यनजर गर्दै राष्ट्रिय सभालाई खारेज गरी एकल सदनात्मक संसदीय प्रणालीमा जानु उपयुक्त देखिन्छ। यसले धेरै हदसम्म देशको आर्थिक दायित्व कम हुनेछ। किनकि राष्ट्रिय सभाको कुनै खास काम पनि देखिँदैन। खालि शीर्ष नेतालाई व्यवस्थापन गर्नका लागि राज्यको खर्च बढाउनु जायज होइन।

**सामाजिक न्याय र धर्म निरपेक्षता :** नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुभौगोलिक मुलुक हो। विविधतामा एकता नेपालको विशेषता हो। यहाँ भाषा, भूगोल, जात र धर्मका आधारमा विभेद जारी छ। राष्ट्र सबैको साझा हुन्छ। सबै जात, धर्म, सम्प्रदाय, भाषाभाषी, भूगोल सबैको उत्तिकै अधिकार हुन्छ। यहाँ व्याप्त रहेको सामाजिक, राजनीतिक, धार्मिक, भाषिक र भौगोलिक विभेदलाई अन्त्य गर्न सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्नुपर्दछ। मानव-मानवबीच तथाकथित तल्लो माथिलो जातजस्तो २१ औं शताब्दीको कलंक छुवाछूतलाई सधैंका लागि अन्त्य गरिनुपर्दछ। त्यसका लागि सामाजिक न्यायको थप प्रवर्द्धन र धर्म निरपेक्षता अत्यावश्यक छ।

**भ्रष्टाचार नियन्त्रण र सुशासन :** भ्रष्टाचार र अनियमितताका पछिल्ला घटनाहरू खासगरी शरणार्थी प्रकरण, सहकारी प्रकरण, ललिता निवास प्रकरण, सुनकाण्ड लगायतका घटनाहरूको विश्लेषण गर्दा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने निकाय साह्रै निरीह देखिएको छ। भ्रष्टाचार नेपालको प्रगति र समृद्धिको सबभन्दा ठूलो अवरोधक हो। यसले तलदेखि माथिसम्म जरा गाडेर जालो बनाएको छ। जबसम्म भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम हुँदैन, तबसम्म नेपाल बन्दैन। त्यसकारण भ्रष्टाचार नामको महामारीलाई निर्मम ढंगले निर्मूल पर्नैपर्छ। त्यसका लागि कडा कानुन, त्यसको कडा कार्यान्वयन, भ्रष्टाचारीलाई सामाजिक बहिष्करण तथा नैतिक प्रश्नको कठघरामा उभ्याउने आधार तयार गर्नुपर्छ।

*(लेखक मधेश प्रदेशका पूर्वराज्यमन्त्री तथा जसपा नेपालका केन्द्रीय सदस्य हुन्।)*

# अहिलेको स्थितिमा दुई दलीय व्यवस्था आउन सक्दैन

**० नयाँ गठबन्धन सरकारमा तपाईंको पार्टीबाट मन्त्री पठाउँदा तपाईंले असन्तुष्टि जनाउनु भयो किन ? केमा असन्तुष्टि छ तपाईंको ?**

– मैले पनि आफूलाई मन्त्रीमा दाबेदारको रूपमा प्रस्तुत गरिरहेको थिएँ । त्यसका लागि सकारात्मक जवाफ पनि पाइरहेको थिएँ । त्यसमा अलिकति परिवर्तन हुँदा क्रोधित हुनु स्वाभाविक हो । तर मैले त्यसलाई ठुलो घटनाको रूपमा लिएको छैन । मेरो लागि पार्टी प्रथम हो । पार्टीलाई नोक्सान गर्ने गरी कुनै पनि चरणमा प्रवेश गर्न सक्दिनँ ।

पार्टी प्रथम हो भनेरै मैले पार्टीमा विद्रोह गरिनँ तर विरोध गरेँ । पार्टीभित्र कुनै कुरा असन्तुलित हुन्छ भने त्यसको विरोध हुनुपर्छ । मैले असन्तुलित यो कारणले भनेँ कि मन्त्री चयनको कुरा सुरु हुनुभन्दा एक हप्ता पहिले पार्टीका अध्यक्षज्यू (महन्थ ठाकुर)ले भन्नुभएको थियो कि पार्टीका ९० प्रतिशत कार्यकर्ता तपाईंको पक्षमा बोलिरहेका छन् ।

त्यसपछि मैले यसपाली उहाँले मलाई पठाउनु हुन्छ भन्ने बुझेँ । त्यसअघि सरकारमा गएको बेला शरतजी (शरतसिंह भण्डारी) र मेरो बिचमा आधाआधा कार्यकाल मन्त्री बन्ने कुरा भएको थियो । त्यसमा पहिला शरतजी जानु भयो, त्यसमा मलाई कुनै आपत्ति भएन ।

गठबन्धन सरकार परिवर्तन भएपछि उहाँ सरकारबाट फर्केर आएपछि पार्टीमा एउटा माहोल नै बन्यो कि अबको अर्को सरकारमा सर्वेन्द्रनाथ शुक्ला जानुहुन्छ । पार्टीकै नेता तथा कार्यकर्ताहरूले चर्चा गर्न थाल्नुभयो । पार्टीका अध्यक्ष समक्ष पनि कुरा गयो । नेता तथा कार्यकर्ताहरूले पार्टीमै कुरा उठाउन थाल्नुभयो ।

अहिले लोसपामा तमलोपा पृष्ठभूमिका अधिकांश नेता छन् । रामसपा (शरतसिंह भण्डारी नेतृत्वको तत्कालीन पार्टी)का पनि नेताहरू छन् । जुन बेला हाम्रो (तमलोपा) ११ सिट थियो, त्यतिबेला रामसपाको ३ सिट थियो । सङ्ख्यात्मक हिसाबले हामी बढी थियौँ । पार्टीमा मेरो पक्षमा प्रेसर आउनुको कारण सायद त्यो पनि होलाजस्तो लाग्छ ।

तर एक्कासी किन परिवर्तन भयो भन्ने मलाई थाहा भएन । अध्यक्ष (महन्थ ठाकुर)जी आफैँ आएर 'जे भयो भयो, विगतमा टर्म अनुसार मन्त्री बन्ने जुन सहमति थियो, त्यही अनुसार हुन्छ । आधी-आधीकै फर्मुलामा पार्टीले तपाईंलाई सरकारमा पठाउँछ' भन्नुभयो ।

**० शरतसिंह भण्डारी नै मन्त्री बन्दा तपाईंलाई वा पार्टीलाई के घाटा भयो वा तपाईं नै किन मन्त्री बन्नुपर्छ ?**

– मलाई मन्त्री नबनाएकोमा मैले विरोध गरेको होइन । पार्टीकै अधिकांश नेता तथा कार्यकर्ताले विरोध गरेका हुन् । यो पटक म सरकारमा नगएको कारण मधेस प्रदेश, लुम्बिनी प्रदेशका अधिकांश नेताहरू आएर पार्टीमा विरोध गरेका थिए । पार्टीका अध्यक्षलाई भेटेका थिए । मलाई नबनाउँदा केही हुँदैन तर त्यस कारणले पार्टीमा अरु कुनै दुर्घटना हुन्छ कि भन्ने डरमात्र थियो । त्यसैले पनि कार्यकर्ता र नेताको चित्त बुझाउनका लागि विरोध गरेँ र आफूले पनि त्यसलाई संज्ञानमा लिएँ । उनीहरूलाई पनि कन्भिन्स गरेँ । पार्टीको महाधिवेशन हुन गइरहेको छ । अरु जे जे गर्नुपर्छ त्यही गरौँला । अहिलेलाई जे भयो, छोड्दिनुस् भनेँ ।

**० पार्टी नै विभाजन हुने गरी अगाडि बढ्यो भनेर तपाईंकै पक्षका कार्यकर्ताहरूले मिडियालाई भन्नुभएको रहेछ, त्यो सही हो त ?**

– हो, नेता तथा कार्यकर्ताहरू आक्रोशित थिए र यो कुरा भनिरहेका थिए । मकहाँ पनि त्यस्तो प्रस्ताव आएको थियो । कार्यकर्ताहरूले रिसको झोकमा अलग हुनुपर्छ भनिरहेका थिए । मैले विद्रोह होइन, विरोध गरेको थिएँ । मैले त्यसबेला पनि भनेको थिएँ कि विद्रोह गरेको छैन, विरोध गरेका हौँ । विरोध गर्ने हाम्रो अधिकार हो । विरोध गर्यौँ तर विद्रोह हुन दिएनौँ । जो कार्यकर्ता, नेताहरू असन्तुष्ट थिए, उनीहरूलाई अधिवेशनको नाममा सम्झाईबुझाई राखेको छु । अहिलेसम्म सबै ठिक छ ।

**० महन्थ ठाकुरजीले भनेजस्तो मन्त्री बन्ने टर्म आयो भने तपाईं मन्त्री बन्नुहुन्छ कि यस्तै विद्रोही भएर पार्टीमा बस्नुहुन्छ ?**

– यो निर्णय मेरो होइन, उहाँ ( महन्थ ठाकुर)को हो । आउने दिनमा उहाँले कस्तो निर्णय लिनुहुन्छ, त्यो उहाँमा भर पर्छ तर मैले विद्रोह गरेको छैन, विद्रोही पनि होइन । मलाई चित्त नबुझेको कुरामा विरोध गरेकोमात्र हो । उहाँले गर्छु भन्नुभएको छ । यत्रो वर्ष उहाँमाथि विश्वास गरेँ, १७ वर्षदेखि लगातार पत्याउँदै आएँ । उहाँले जे-जे भन्नुभयो, सबै गर्दै आएँ, मान्दै आएँ । अहिले पनि उहाँले भनेको कुरा मान्छु, विश्वास गर्छु । अन्तिम समयमा आएर उहाँको विरुद्धमा विद्रोह नै गर्ने भन्ने कुरा मेरो मनले मानेन ।

**० त्यसो भए मन्त्रीका लागि पालो कुरेर बस्नु भएको छ, होइन ?**

– जीवनमा मैले सातआठ वटा मन्त्रालय चलाईसकेको छु । मलाई मन्त्री बन्ने रहर छैन । मन्त्रालयकै प्रतीक्षामा म बसेको छैन । २०७० मा संसदीय दलको नेता थिएँ, त्यो बेला मैले चाहेको भए मन्त्री बन्न सक्थेँ । तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले सरकारमा आउन पटकपटक आग्रह गर्नुभएको थियो तर मैले हाम्रो पार्टी आन्दोलनमा छ, हामी आन्दोलनमा छौँ, सरकारमा आउदैनौँ, आउन मिल्दैन भनेँ । हामी सरकारमा गएनौँ ।

मन्त्री हुनु नै सबैथोक होइन । तर सरकारमा गएर के मुद्दा उठ्छ वा उठाइन्छ, त्यो महत्त्वपूर्ण कुरा हो । मन्त्री बनाउँछु भनी उहाँले भन्नुभएको छ । बनाउने कि नबनाउने भन्ने उहाँको कुरा हो । बनाउनु भएन भने त्यसपछि विचार गरौँला । मन्त्री बनिनँ भने म यो गर्छु भनेर अहिले नै भन्दिनँ ।

**० भन्नाले लोसपा अब विभाजन हुँदैन ?**

– लोसपा विभाजन गर्ने कुरै थिएन र, त्यो सम्भव पनि छैन । अलग पार्टी बनाउने मुडमा म कहिले पनि थिइनँ । बरु पार्टीभित्र आफ्नो अलग धार, अलग विचार खडा गर्ने सोच थियो तर पार्टी नै अलग गर्ने सोच थिएन र छैन पनि । अलग पार्टी बनाउने कुरा केही साथीहरूको होला, त्यो बेग्लै कुरा हो तर मेरो यो सोच कहिले पनि थिएन र हुने पनि छैन । पार्टीमै सङ्घर्ष गर्ने, पार्टीभित्रै विरोध गर्ने तर अलग पार्टी नबनाउने ।

**० अहिलेको सत्ता गठबन्धनलाई तपाईंको पार्टीले पनि समर्थन गरेको छ । यो गठबन्धनप्रति संविधान संशोधनको विषय लिएर अहिले विभिन्न संशय उत्पन्न भएको छ । यस अवस्थामा लोसपा चुपचाप बसेको छ, यसमा तपाईंको धारणा के छ ?**

– जुन पार्टी सरकारमा जान्छ, जुन गठबन्धन सरकारमा जान्छ, त्यसको आलोचना हुन्छ नै । सामाजिक सञ्जाल अहिले यति एक्टिभ छन् कि जुनसुकै सरकारको आलोचना गर्छन् नै । त्यसलाई अन्यथा लिनु हुँदैन । तर एउटा कुरा अहिले म तपाईंलाई भनिहालौँ- यो देशमा दुई दलीय प्रणाली कुनै पनि हालतमा लागु हुँदैन । यो देशमा दुई दलमात्र होइन, एउटा तेस्रो शक्ति ( माओवादी) पनि छ र अरु दलहरू पनि छन् । त्यसैले यो देशमा दुई दलीय व्यवस्था लागु हुन्छ जस्तो मलाई लाग्दैन ।

मैले प्रधानमन्त्रीजी (केपी शर्मा ओली)सँग कुरा गर्दा वा अरु शीर्ष नेताहरूसँग कुरा गर्दा उहाँहरू दुई दलीय प्रणालीको पक्षमा रहेको मैले पाइनँ । कांग्रेसका सभापति शेरहादुर देउवाजी पनि त्यसको पक्षमा हुनुहुन्न । यदि उहाँहरू दुई दलीय प्रणालीमा जानुभयो भने यता बाँकी रहेका सबै दल मिलेर विरोधमा उत्रियो भने के हुन्छ ? त्यो उहाँहरूले पक्कै पनि सोच्नु भएको होला । अहिलेको स्थितिमा दुई दलीय व्यवस्था आउन सक्दैन । रह्यो कुरा सानो दललाई सकाउने- यो कुरा मैले धेरै पहिलादेखि सुन्दै आएको हुँ । २०५०-५१ देखि नै उहाँहरूले साना दललाई समाप्त गर्ने कुरा गरिरहनु भएको छ तर सक्नु भएको छैन । अब त झन् के सक्नु होला र !

तर जनताले जबसम्म दुई दलमात्र चाहिन्छ भन्ने मनमा लिँदैनन्, तबसम्म अरु कसैले केही भनेर हुँदैन । सङ्ख्या घट्छ, बढ्छ तर दलको अस्तित्व रहिरहन्छ । जहाँसम्म थ्रेसहोल्ड ल्याउने कुरा छ, त्यो कुरा धेरै पहिलादेखि उठ्दै आएको हो । यदि संविधान संशोधन गरेर थ्रेसहोल्ड लगायो भने एउटै चुनाव चिह्नबाट विभिन्न दल मिलेर चुनाव लड्न सकिन्छ । मधेसवादी दलहरू जति छन्, ती सबै दलले यसमाथि विचार गर्छन् होला । विगतमा मधेसवादी दल मिलेर चुनाव लड्दा नतिजा राम्रो ल्याएको उदाहरण पनि छ ।

**० तपाईंले सत्ता गठबन्धनका नेताहरू दुई दलीय व्यवस्थाको पक्षमा छैनन् भन्नुभयो तर एमालेका नेताहरूले हाकाहाकी साना दलको काम छैन, दुई दलीय व्यवस्था ल्याउने र त्यसका लागि संविधान संशोधन हुन्छ भनिरहेका छन् नि ?**

– उहाँहरूले त आयोग बन्छ, यो बन्छ, त्यो बन्छ भनिरहनु हुन्थ्यो तर आजसम्म केही गर्नुभएको छैन । संविधान संशोधनीय विषय हो भनेर स्वीकार गर्नुभएको छ । त्यसमा के के संशोधन गर्ने भनेर अहिलेसम्म भन्नुभएको छैन । एमालेका केही नेताहरू ट्रायलमा बोलिरहनु भएको छ । उहाँहरूको यो प्रवृत्ति पहिलादेखिकै हो । यो म्यासेज बाहिर दिउँ, त्यसको प्रतिक्रिया के आउँछ, त्यसपछि अरु निर्णय गरौँला भनेरै एमालेका नेताहरू जानीजानी बाहिर बोलिरहनु भएको छ । त्यसले जनतामा कुनै फरक पारेको छैन । बरु विरोध नै भइरहेको छ ।

**० साना दलको कारण देशमा अस्थिरता उत्पन्न भयो, अब त्यसको आवश्यकता छैन । अब दुई-तीन दलमात्र रहनु पर्छ भनेर केपी शर्मा ओलीले पनि प्रधानमन्त्री बन्नुअघि बोल्नु भएको थियो, यसमा तपाईंको के धारणा छ ?**

– त्यो कुरा सही हो । साना दलका कारण केही डिस्टर्ब अवश्य भएको हो । त्यो बेला फटाफट समीकरण चेन्ज हुनुमा साना दलकै भूमिका थियो नि । त्यो पद्धतिले अस्थिरता निम्त्याइरहेको थियो तर अस्थिरता निम्त्याउनमा ठुलो दलको अझ बढी भूमिका थियो ।



**सर्वेन्द्रनाथ शुक्ल**

**सहअध्यक्ष, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

माओवादीले गठबन्धन परिवर्तन नगरेको भए कहिल्यै परिवर्तन हुँदैनथ्यो तर माओवादीलाई साना दलले पटकपटक साथ दिए, त्यही भएर ती कर्महरू भए ।

त्यसैमा जसपा नेपाल विभाजन पनि भयो । जसपा नेपाल विभाजन हुनुको कारण मन्त्री पद नै हो भनेर पुष्टि भएको छ नि ।

कांग्रेस-एमालेसँगै रहन्जेलसम्म यो गठबन्धन टुट्दैन । किनभने साना दललाई अहिले गठबन्धनमा राखेको छैन, सरकारमा स्वामित्व छैन । अहिले साना दलबाट कुनै डर छैन ।

**० अहिलेको गठबन्धन तथा सरकारमा साना दललाई कुनै स्वामित्व दिएको छैन, सरकारमा मात्र लिएको छ । यो के कुराको सँकेत हो ?**

– स्वमित्व नदिए पनि सामेल गराइएको छ । स्वामित्व नदिनुको कारण त्यही अस्थिरता हो । यदि साना दलको संख्या लिएर सरकार बनाएको भए कसले सरकारबाट समर्थन फिर्ता लिइदिन्छ, को सरकारबाट बाहिरिन्छ भन्ने त्रास भइरहन्थो । तर अहिले त्यो डर छैन । एमाले र कांग्रेसबिच कुरा नबिग्रेसम्म यो गठबन्धनमा केही पनि हुँदैन । त्यही भएर स्वामित्व दिएको छैन तर सरकारमा सहभागी गराएको छ ।

**० सरकारमा तपाईंहरूको स्वामित्व भएन भने लेनदेनको कुरा हुँदैन, वा कुनै काम गराउन तपाईंहरूले दबाब पनि दिनसक्नु हुन्न । त्यो नैतिकताको आधारमा मिल्दैन पनि, अनि के गर्नुहुन्छ त्यस्तो सरकारमा सामेल भएर ?**

– स्वामित्व नभए पनि हाम्रो कुरा नसुन्ने अवस्था त्यहाँ छैन । हामीले भनेका कुरा सरकारले सुनिरहेको छ । कतिपय कुरामा सुनुवाइ पनि भएको छ । गठबन्धनको बैठकमा हामीलाई बोलाउँदैनन् तर अन्य बैठक वा अरु बेला सरसल्लाहका लागि बोलाइरहेका हुन्छन् । ती बैठकमा हाम्रो कुराको सुनवाइ भइरहेको छ ।

**० अहिलेको गठबन्धनले टीआरसी विधेयक पारित गरेर शान्ति प्रकृयालाई टुËयाउने निर्णयमा पुगेको छ । तर मधेस विऽोहमा कयौँको अËभË भए, नेताहरू जेलमा छन् । थुप्रैमाथि मुद्दा चलिरहेको छ, यसको बारेमा तपाईंहरूले केही बोल्नु भएन त ?**

– हो सही भन्नुभयो । टीआरसी विधेयक पारित भएको दिन मैले यी विषय संसदमा उठाउन खोजेको थिएँ तर त्यो दिन मेरो बोल्ने पालो थिएन । आउने दिनमा म यो कुरालाई गम्भीर रूपमा उठाउँछु र सबैले उठाउनुपर्छ । माओवादी द्वन्द्व नै सबैभन्दा ठुलो द्वन्द्व हो, त्यसको सम्बोधन भयो । तर द्वन्द्वको समाधान त्यतिबेला मात्र पूर्ण हुन्छ, जति बेला सबैखाले द्वन्द्व सम्बोधन हुन्छ । सबैखाले द्वन्द्वको सम्बोधन गर्दाखेरी मधेसको आन्दोलन, थारुको आन्दोलन, आदिवासी जनजातिको आन्दोलन, तराई मधेसमा भएको सशस्त्र आन्दोलनलगायत अन्य सबैखाले द्वन्द्वको पनि सम्बोधन गर्नुपर्छ । सशस्त्र आन्दोलन गरेकाहरूसँग सरकारले विभिन्न सम्झौता गरेको छ । तर ती कुनै पनि कार्यान्वयनमा आएको छैन । अब कानुन नै बनाएर त्यसलाई सम्बोधन गर्नुपर्छ ।

*– रातोपाटीबाट साभार*

# जनता समाजवादी पार्टी नेपाल केन्द्रीय समिति बैठकका निर्णयहरू

जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय समितिको मिति २०८१ साल श्रावण २७, २८, २९ र ३० गते बसेको बैठकद्वारा सर्वसम्मतिले देहायका निर्णयहरु गरिएका छन् । उक्त निर्णयहरु यस प्रकार रहेका छन् ।

**१. राजबन्दी रिहाई र मुद्दा खारेजी सम्बन्धमा :**

१. (क) विभिन्न चरणमा भएका मधेश आन्दोलनका दौरान आन्दोलनकारीहरू माथि लगाईएका मुद्दाहरू नेपाल सरकारसँग भएका सम्झौता अनुरूप सरकारले तुरून्त खारेज गर्नुपर्दछ र बन्दी बनाइएकाहरूको रिहाइका साथै रोक्का गरिएका जग्गा, धन-सम्पत्तिलाई फुकुवा गरिनुपर्दछ ।

(ख) आफ्नो पहिचानको आन्दोलनमा लागेका आदिवासि जनजाति, लिम्वुवान किँरात आन्दोलनकारीहरू माथि लगाइएका मुद्दाहरु सरकारले फिर्ता लिई समस्याको न्यायोचित समाधान गरिनुपर्दछ ।

(ग) विगतमा प्रहरीद्वारा आन्दोलनरत व्यक्तिहरुको गैरन्यायिक हत्या गरिएका छन् । यसरी गैरन्यायिक रुपमा हत्या भएका आन्दोलनकारीहरुलाई शहीद घोषणा गरिनुपर्दछ ।

(घ) शहीद परिवारहरुको भरण-पोषण, शिक्षा स्वास्थ्य उपचार आदिको व्यवस्था गरिनुपर्दछ ।

**२. संघीयता कार्यान्वयन सम्बन्धमा**

२. प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रदेश सरकारहरूलाई प्रहरी हस्तान्तरण गरिनुपर्दछ ।

३. संघीय निजामती ऐन संसदबाट पारित गरी कर्मचारी समायोजन सम्बन्धी बाँकी कार्यहरू सम्पन्न गरिनुपर्दछ ।

४. प्रदेश सरकारमा मन्त्रालयहरूको संख्या घटाउने ।

५. आवश्यक ऐन निर्माण गरी संविधानको अनुसूची ६ र ७ को अधिकार सूचीअनुसारका प्रदेशहरूलाई अधिकार, श्रोत र साधन प्रदान गरिनुपर्दछ ।

६. संघीय सरकारमा मन्त्रालयको संख्या घटाउने र प्रदेश मामिला सम्बन्धी विषयहरू प्रदेश सरकारलाई नै हस्तान्तरण गरी अनावश्यक फिजूल खर्च कटौती गरियोस् ।

७. संविधान बमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालय मातहतका निकाय र कार्यालयहरु प्रदेशलाई तुरून्त हस्तान्तरण गरियोस् ।

८. संविधानको धारा ५६ (५) मा व्यवस्था भए बमोजिम विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र कायम गरी त्यसको क्षेत्राधिकार निर्धारण गरियोस् ।

९. जिल्ला समन्वय समिति आवश्यक नरहेको र त्यसको भुमिका पनि आवश्यक नदेखिएकोले यसलाई हटाउनुनै उचित हुन्छ ।

**३) संविधान संशोधन सम्बन्धी**

१०. स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहने गरी राख्न आवश्यक संवैधानिक तथा कानूनी व्यवस्था गर्ने ।

११. संविधानमा आवश्यक संशोधन गरी जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख/राष्ट्रपतीय प्रणाली, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, समानुपातिक समावेशी प्रतिनिधित्व भएको सङ्घीय न्याय प्रणाली, राष्ट्रिय/जातीय पहिचानमा आधारित स्वायत्तता र स्वशासन सहितको राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड लगायतका प्रावधानहरू संशोधन गरी संविधानमा व्यवस्था गर्ने । प्रदेशहरूको नामाङ्करण गर्दा पहिचान झल्कने गरी गर्नुपर्दछ ।

१२. संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधान संशोधन/पुनर्लेखन/ परिमार्जन गर्नका लागि संविधान विज्ञहरू सम्मिलित 'संविधान पुनरावलोकन आयोग' (Constitution Review Commission) गठन गरी राय सुझाव र सिफारिसका आधारमा गरिनुपर्दछ ।

**४) सामाजिक न्यायको हक सम्बन्धी**

१३. समावेशी लोकतन्त्र, सामाजिक सुरक्षा र सामाजिक न्यायको हक सुनिश्चितताका लागि संविधानको धारा ४२ र ४३ को भावना अनुकूल कानून निर्माण र कानून संशोधन गरी समानुपातिक समावेशीता, सामाजिक न्याय र सामाजिक सुरक्षाको हकलाई प्रत्याभूति गराउने ।

१४. पिछडावर्ग (OBC) र अति पिछडावर्गलाई सूचीकृत गरी उनीहरूलाई समावेशिता र सामाजिक न्यायको प्रत्याभूति गराउन आवश्यक कानून निर्माण गर्ने र सुचीकृत गर्न छुटेका आदिवासीहरुलाई पनि सुचीकृत गरिनुपर्दछ । मधेशी र गैर-मधेशी दलितहरूको छुट्टा-छुट्टै सुचीकृत गर्ने तथा तराई/मधेशका अति पिछडीएका मुसहर, डोम, मेस्तर, हल्खोर जातिलाई महादलित घोषणा गरी उनिहरुको उत्थानका लागि विशेष व्यवस्था गरिनुपर्दछ ।

१५. निःसहाय, सुकुमवासी तथा वास्तविक भूमिहीन नेपालीहरूलाई सम्भव भएसम्म उनिहरुको सम्बन्धित जिल्लाभित्रनै आवश्यक भूमि उपलब्ध गराउने र सोको लागि भूमि आयोगलाई क्रियाशील र प्रभावकारी बनाई यसै वर्षभित्र भूमिहीन तथा सुकुमवासीहरूको समस्या हल गरिनुपर्दछ ।

१६. जेष्ठ नागरिक तथा अशक्त, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई प्रत्येक महिनाको अन्तिम दिनसम्म सामाजिक सुरक्षा भत्ता अनिवार्य उपलब्ध गराइनुपर्दछ ।

**५) निर्वाचन क्षेत्र निर्धारण सम्बन्धमा**

१७. (क) राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन र तथ्याङ्क बमोजिम जनसंख्याको आधारमा प्रतिनिधित्व गर्न पाउने हक लोकतान्त्रिक प्रणालीको मूल सिद्धान्त र मान्यता अनुसार संसदीय/प्रादेशिक निर्वाचन क्षेत्रको पुनर्निर्धारण गरिनुपर्दछ ।

(ख) दलित र महिलाहरुका लागि छुट्टा-छुट्टै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गरिनुपर्दछ ।

१८. राष्ट्रिय सभामा प्रदेशको जनसंख्याको अनुपातमा प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्दछ । स्वतन्त्र एवम् दलविहीनताका आधारमा स्थानीय तहको निर्वाचन हुने व्यवस्था गरिनुपर्दछ ।

**६) शिक्षा सम्बन्धी :**

१९. सरकारले सञ्चालन गरेको विद्यालय, कलेज र विश्वविद्यालयहरूमा पर्याप्त संख्यामा आवश्यक योग्य विषयगत शिक्षक, प्राध्यापक एवं जनशक्तिको व्यवस्थापन गर्ने, सरकारी विद्यालय र कलेजहरूमा उच्चस्तरको गुणस्तरीय तथा आजको युगको आवश्यकता अनुरूप प्राविधिक तथा सीपमूलक र व्यवसायिक शिक्षाको व्यवस्था सरकारले नै गर्नुपर्दछ । शिक्षाको दायित्व राज्यको नै रहने गरी निःशुल्क शिक्षा प्रणाली हुनुपर्दछ । यसका अतिरिक्त देशमा सञ्चालन भइरहेका गुरुकुल, गुम्वा र मदरसा शिक्षालाई राज्यले नीति निर्माण गरी नियमन र व्यवस्थित गर्ने कार्य गर्नुपर्दछ ।

२०. सरकारले सबै प्रदेशहरूमा प्रादेशिक सीप तालिम केन्द्र स्थापना र सञ्चालन गरी स्वदेशी वा वैदेशिक रोजगारमा जानेहरूलाई आवश्यक सीप तालिमको व्यवस्था गर्ने । गरिबी रेखामूनि रहेका दलित तथा विपन्न वर्गलाई सरकारले निःशुल्क तालिम उपलब्ध गराउनुपर्दछ ।

२१. सम्पूर्ण पालिकाहरूसम्म इन्टरनेट पहुँचको व्यवस्था गर्ने र अध्ययनरत विद्यार्थीहरूका लागि सहुलियत दरमा इन्टरनेट सेवा उपलब्ध गरिनुपर्दछ ।

२२. सरकारले प्रत्येक प्रदेशमा प्रदेश देखि पालिकास्तरसम्मका लागि खेलकुद मैदान, पार्क, प्रशिक्षण केन्द्र आदिको व्यवस्था गरिनुपर्दछ ।

२३. नेपालमा प्रत्येक प्रदेशहरूमा मेडिकल कलेजको स्थापना गर्ने र हाल सञ्चालनमा रहेको मेडिकल कलेजहरूलाई आ-आफ्नो क्षमता अनुसार विद्यार्थी भर्ना लिने, अध्ययन अध्यापन गर्ने व्यवस्था मिलानुपर्दछ ।

२४. उच्च मा.वि.तहसम्मको शिक्षालाई व्यवस्थापन र सञ्चालन गर्ने गरी प्रदेश सरकारको मातहत राख्ने । यसका अतिरिक्त संघीय सरकारले प्रत्येक प्रदेशमा संघीय सरकारको सञ्चालन र व्यवस्थापनमा रहने गरी विश्वविद्यालय, कलेजहरू, केन्द्रीय तथा आवासीय विद्यालयहरू स्थापनाका साथै बहिरा र अन्धाहरुको लागि उच्च शिक्षासम्मको शिक्षण संस्था स्थापना गरी सञ्चालन गरिनुपर्दछ । सार्वजनिक तथा निजी विद्यालयहरुको लागि एकै खालको पाठ्यक्रमहरु हुनुपर्दछ ।

२५. उच्च तहको शिक्षालाई रोजगारसँग जोड्ने । Part time job र part time education को पनि व्यवस्था मिलाउने ।

२६. विद्यालय शिक्षकहरू खुल्ला प्रतिस्पर्धाबाट मात्र भर्ना गर्ने र भर्ना भएका शिक्षकहरूलाई आवश्यक तालिम दिएर विद्यालयमा पठाउने, शिक्षकहरूको तलब, सेवा सुविधा निजामती कर्मचारी सरह हुने गरी व्यवस्था गर्ने र साथै राज्यले नै मातृभाषामा शिक्षाको व्यवस्था गरिनुपर्दछ ।

**७. स्वास्थ्य सम्बन्धीः**

२७. संविधानको धारा ३५ (१) अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउने प्रावधान भएअनुसार सबै सरकारी अस्पतालहरूबाट उपचारका साथै निःशुल्क औषधिको पर्याप्त मात्रामा व्यवस्था गरिनुपर्दछ ।

२८. सरकारले स्वास्थ्य सेवाका लागि अति विशिष्ट (Super Speciality) अस्पताल, प्रादेशिक अस्पताल, पालिकास्तरसम्मका अस्पतालहरूलाई आवश्यक पर्ने औषधी, उपकरण, प्रयोगशाला, जनशक्ति र तालिम उपलब्ध गराउने व्यवस्था गरिनुपर्दछ ।

२९. संघीय सरकारले प्रत्येक प्रदेशमा कम्तिमा एउटा अतिविशिष्ट अस्पताल, एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठान, एउटा वैकल्पिक चिकित्सा अध्ययन एवं उपचार केन्द्र र श्रम अस्पतालको स्थापना गरी सञ्चालन गरिनुपर्दछ ।

३०. आर्थिक अभावले गर्दा उपचार गराउन असमर्थ अति विपन्न वर्ग, असक्षम गरिब र असहायहरूलाई स्वास्थ्य उपचारको सम्पूर्ण व्यवस्था सरकारले नै गर्ने गरी व्यवस्था मिलाउनु पर्दछ ।

**८. कृषि सम्बन्धीः**

३१. कृषि उत्पादन वृद्धि गर्न सरकारले सिँचाइको लागि कृषि विद्युतिकरण, नहर निर्माण, नदी नियन्त्रण र नदीका किनारहरुमा वृक्षा रोपण गर्ने, स-साना सिँचाई आयोजना, भूमिगत सिँचाई आयोजना, नदीहरूमा तटबन्ध निर्माण लगायतका आवश्यक कार्यहरू गरी खेतमा सिँचाइको व्यवस्था गरिनुपर्दछ ।

३२. संघीय सरकारले नेपालमै रसायनिक मल, प्राङ्गारिक मल उत्पादन कारखाना स्थापना गर्ने, कृषिमा Biotechnology को प्रयोग गर्ने, कृषि उत्पादनका लागि आवश्यक पर्ने किट्नासक औषधीका साथै मल खाद्यको पर्याप्त भण्डारण गरी आवश्यकतानुसार कृषकहरूलाई समयमै मलखाद, किट्नासक औषधी, उन्नत बीऊ बीजन उपलब्ध गराउने तथा पानी र माटो जाँच, कृषि प्राविधिक आदि सेवाहरू स्थानीय तहमै उपलब्ध गराउने गरी व्यवस्था गर्ने र सरकारले कृषि सडक निर्माणका साथै पशु तथा बाली बिमाको व्यवस्था पनि गरिनुपर्दछ ।

३३. सरकारले अन्न, फलफूल, तरकारी, अण्डा, माछा, मासु आदिका लागि कृषि बजारको स्थापना र व्यवस्थापन गरी किसानहरूलाई बिचौलियाको शोषणबाट मुक्त गरिनुपर्दछ ।

३४. कृषि उत्पादनलाई व्यवस्थित गर्न प्रत्येक पालिकाहरूमा शीत भण्डार (Cold storage) को निर्माण गरी सञ्चालन गरिनुपर्दछ ।

३५. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण, औद्योगिकरण गरी देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने, गरिबी र बेरोजगारी समस्याहरूको समाधान गर्न कृषि क्षेत्रको ठूलो योगदान हुनेहुँदा वैज्ञानिक भूमि व्यवस्थापन तथा कृषि नीति र कानून निर्माण गरी कार्यान्वयन गरिनुपर्दछ ।

३६. ग्रामीण विकास बैंक, साना किसान विकास, लघुवित्त संस्था, कृषि सहकारी संस्था, कृषि विकास परियोजना, कृषि बजार आदि स्थापना गरी प्रभावकारी रूपमा परिचालन गर्ने र उक्त संस्थाहरूको माध्यमबाट साना किसानहरूलाई सस्तो ब्याजदरमा कृषि ऋण, तालिम र सहुलियत प्रदान गर्ने व्यवस्था गरिनुपर्दछ ।

३७. कृषि र कृषिमा आधारित उद्योगहरू स्थापना र सञ्चालन गर्न सरकारले बैंकहरू मार्फत ऋण, प्रविधि लगायतका अन्य आवश्यक सहुलियतहरू प्रदान गर्ने । सरकारले कानून र नीति निर्माण गरी कृषि मजदुरहरुको संरक्षण र न्यायोचीत ज्यालाको व्यवस्था गरिनुपर्दछ ।

**९. उद्योग, कलकारखाना सम्बन्धी**

३८. नीजी र सरकारले सञ्चलन गरेका, विगतमा मुनाफामा चलेका तर हाल बन्द रहेका उद्योगहरूलाई नीति निर्माण गरी पूनः सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था गरिनुपर्दछ ।

३९. उद्योग व्यवसाय क्षेत्रमा देखा परेका वा लगानीकर्ताले बेहोर्नु परेका हड्ताल, तालाबन्दी, प्रशासनिक झन्झट र सरकारी भ्रष्टाचार तथा ढिलासुस्तीलाई अन्त्य गर्ने र यस सम्बन्धमा सरकारको तर्फबाट गर्नुपर्ने प्रशासनिक लगायतका कार्यहरू सम्पन्न गरिसक्ने गरी समय सीमा निर्धारण गरिनुपर्दछ ।

४०. (क) पर्यटन तथा उद्योग, कलकारखाना सञ्चालन गर्न लगानीकर्तालाई प्रोत्साहन गर्ने, आवश्यक कानूनी, विधि र प्रक्रिया पूरा गरी निवेदन दिएको १५ दिनभित्र सरकारले आवश्यक पर्ने सबै प्रक्रियाहरू पूरा गरी अनुमति प्रदान गर्ने र उद्योग कलकारखाना सञ्चालन गर्न आवश्यक पर्ने भूमि, विद्युत आपूर्ति, बैंक ऋण आदिको प्रबन्ध ३० दिनभित्र एकद्वार प्रणालीबाट उपलब्ध गराउनुपर्ने व्यवस्था गरिनुपर्दछ ।

(ख) हरेक प्रदेशमा औद्योगिक कोरीडर

*बाँकी पृष्ठ ५ मा*

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# जनता...

घोषणा गरिनुपर्दछ ।

(ग) वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिटेन्सलाई उत्पादन कार्यमा उपयोग गर्न आवश्यक व्यवस्था गरिनुपर्दछ ।

४१. COVID-19 महामारी, प्राकृतिक प्रकोप लगायतका असरहरूबाट प्रभावित भई उद्योग व्यवसाय सञ्चालन गर्न नसकेका उद्योगहरू, कम्पनी वा संस्थाहरूलाई करमा लगाएको जरिवाना छूट दिने र कर किस्ताबन्दीमा तीर्न सक्ने व्यवस्था गरिनुपर्दछ ।

४२. शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, कलकारखाना तथा उत्पादन क्षेत्रमा स्वदेशी र वैदेशिक लगानीकर्ताहरूलाई लगानी गर्न लगानीमैत्री वातावरण निर्माण गर्ने र लगानीका लागि सरल व्यवस्था गरिनुपर्दछ ।

४३. (क) बैंकहरूको ब्याजदर सिङ्गल डिजिटमा झार्ने र चालु पूँजी कर्जा नीतिलाई हटाउनुपर्दछ ।

(ख) देशभित्र उत्पादित बस्तु निर्यात गर्न र प्रोत्साहन गर्नका लागि एक्जिविसन सेन्टरको स्थापना गरिनुपर्दछ ।

(ग) नेपालमा कृषि उद्योग, जडिबुटी उत्पादन, प्रशोधन र हाइड्रोपावरलाई प्राथमिकता दिइनुपर्दछ ।

**१०) बहुभाषिक नीति सम्बन्धमा :**

४४. नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुराष्ट्रिय/जातीय विविधतायुक्त मुलुक भएको हुँदा राज्यको एकल भाषिक नीतिलाई अन्त्य गरी नेपाली भाषा सँगसँगै नेपालमा बोलिने र प्रचलनमा रहेका अन्य भाषाहरुलाई पनि सरकारी कामकाजी भाषा र शिक्षण माध्यमको रुपमा राज्यले मान्यता दिनुपर्दछ ।

**११) हवाई, सडक यातायात सेवा सुरक्षा सम्बन्धमा :**

४५. नेपालमा हवाई तथा सडक दुर्घटनाहरू पटक-पटक भइरहेका छन् । जसबाट अत्यधिक जनधनको क्षति भोग्नु परिरहेको छ । सरकारले सुरक्षित हवाई सेवाका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको विमानहरुलाई मात्र सञ्चालन गर्न अनुमति दिने तथा सुरक्षित सडक यातायात सेवाको लागि सडकको स्तरउन्नतिका साथै प्राविधिक त्रुटीहरू हुँन नदिने तर्फ कार्य गरिनुपर्दछ ।

**१२) जलवायु परिवर्तन सम्बन्धमा :**

४६. जलवायु परिवर्तनका कारण मानव जीवन र पृथ्वीको प्राकृतिक अवस्थामा नै सङ्कट उत्पन्न भइरहेको हुदा वातावरण र जलवायु परिवर्तनलाई सन्तुलित गर्न राज्यद्वारा अभियानको रुपमा यथाशिघ्र ठोस कदमहरु चालिनुपर्दछ ।

**१३) लागु औषध नियन्त्रण सम्बन्धमा :**

४७. युवा पिढीलाई दूर्व्यशनबाट जोगाउन देशमा लागु औषधको विक्रि वितरण र प्रयोग बढिरहेकोले यसलाई पूर्णरुपमा नियन्त्रण गरिनुपर्दछ ।

**१४) मिटरब्याज सम्बन्धमा :**

४८. मिटरब्याज सम्बन्धी कारोबारले गर्दा समाजमा आन्तरिक द्वन्द्वका साथै अत्यन्त गम्भिर रुपमा उत्पन्न भएका समस्याहरु समाधान गरिनुपर्दछ । भविष्यमा विपन्न वर्गका जनतालाई यस्ता समस्याहरुबाट मुक्त गर्नका लागि गाउँ-गाउँमा बैंक अथवा वित्तिय संस्थाहरु स्थापना गरी सो मार्फत सहजरुपमा ऋण उपलब्ध गराउने व्यवस्था गरिनुपर्दछ ।

**१५) भ्रष्टाचार नियन्त्रण र सुशासन सम्बन्धमा :**

४९. सुशासन र सदाचारको लागि भ्रष्टाचार, कमिशनतन्त्र, नेता र व्यापारिको स्वार्थको जालो (Crony Capitalism), विचौलिया तथा प्रशासनिक असक्षमता र ढिलासुस्ती लगायतका कार्यहरूलाई कडाईका साथ नियन्त्रण गर्ने, निर्मूल पार्न विगतमा भएगरेका यस्ता कार्यहरुका सम्बन्धमा निश्पक्ष छानवीन गर्न उच्चस्तरीय छानवीन आयोग गठन गरिनुपर्दछ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न स्वायत्त, स्वतन्त्र र अधिकार सम्पन्न लोकपालको व्यवस्था गरिनुपर्दछ ।

५०. सरकारी बजेट मार्फत् सङ्घ, प्रदेश र स्थानीय तहमा हुने सबै खाले खरिद एवं निर्माण कार्यहरू टेण्डर प्रक्रियाबाट मात्र गर्नुपर्ने व्यवस्था गर्ने ।

५१. महँगी नियन्त्रण गर्न आपूर्ति व्यवस्थामा सुधार गरी बजार नियमन र नियन्त्रण, मूल्य नियन्त्रण लगायतका आवश्यक कार्यहरू गरिनुपर्दछ ।

५२. सरकारी कार्यालय अन्तर्गका सार्वजनिक सेवा प्रवाहमा सुधार गरी सेवाग्राहीलाई अधिकतम् ७ दिनभित्र सेवा प्रदान गरीसक्ने गरी कानूनी व्यवस्था मिलाइनुपर्दछ ।

५३. सबै नेपाली नागरिकहरूलाई राष्ट्रिय परिचय पत्र उपलब्ध गराउन प्रत्येक पालिकास्तरमै व्यवस्था गर्ने र वृद्ध, अशक्त, अपाङ्गता भएकाहरुलाई घर-घरमै राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन व्यवस्था गरिनुपर्दछ ।

५४. हुलाकी सडक लगायत सम्पूर्ण राष्ट्रिय गौरवका आयोजनाहरूलाई तीन वर्षभित्र सम्पन्न गरि सक्ने गरी योजना बनाउने ।

**१६) युवा स्वरोजगार कार्यक्रम सम्बन्धमा :**

५५. वेरोजगार युवाहरूको लागि वेरोजगारी भत्ताको व्यवस्था गरिनुपर्दछ । वेरोजगारी समस्या हल गर्नका लागि युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने र सोको लागि आवश्यक पूँजी, तालिम, बजार लगायतका आवश्यक कार्यक्रमहरूसँगै योजना निर्माण गरी प्रत्येक पालिकाहरुमा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न व्यवस्था गर्ने, शीप र अनुभव प्राप्त गरी वैदेशिक रोजगारबाट फर्किएर आएकाहरुको लागि स्वदेशमै व्यवसाय सञ्चालन गर्न राज्यले आवश्यक व्यवस्था गर्ने । आदिवासीहरुको परम्परागत ज्ञान र शीपलाई संरक्षण र विकास गरी उत्पादन कार्यमा लगाउन आवश्यक व्यवस्था गरिनुपर्दछ ।

५६. जनतालाई सरकारले खाद्य सुरक्षाको प्रत्याभूति गराउन खाद्य वस्तुहरुको गुणस्तर जाँच गरेर मात्र विक्रि वितरणका लागि अनुमति दिनुपर्दछ । दैनिक उपभोग्य वस्तुहरूको सहज आपूर्ति व्यवस्था गर्नका साथै सरकारले कालोबजारी, कृतिम अभाव सिर्जना गर्ने र सोही अनुसार बिक्री वितरण गर्ने/गराउनेहरूलाई कानूनी कारबाही गरिनुपर्दछ ।

५७. संघीय सरकारद्वारा तराई/मधेश राष्ट्रिय पूर्वाधार विकास कार्यक्रम, दुर्गम क्षेत्र विकास आयोजना लागू गरी विकास निर्माणका कार्यहरूलाई तीव्रताकासाथ अगाडि बढाइनुपर्दछ ।

५८. सङ्घीयतालाई कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्रभावकारी र क्रियाशील बनाउने । वितिय संघीयताको मूल्य र मान्यता अनुरूप सङ्घ र प्रदेशबीच प्राकृतिक स्रोत, साधनलाई पूर्वाग्रहरहीत भई न्यायोचित बाँडफाँडको नीति निर्धारण गरी कार्यान्वयन गरिनुपर्दछ ।

५९. भारतीय सीमासँग जोडिएका नाकाहरूबाट नेपालीहरूलाई आफ्ना उपभोगका वस्तुहरू ल्याउन रू. एक लाखसम्मको भन्सार छूट दिने व्यवस्था गरिनुपर्दछ ।

६०. भारतीय पर्यटक एवं तीर्थयात्रीहरूलाई नेपालमा आउँदा भारतीय रूपैयाँको सटही गर्ने व्यवस्था सरकारले अविलम्ब गरिनुपर्दछ ।

६१. सरकारले गर्ने सम्पूर्ण राजनीतिक तथा संवैधानिक नियुक्तिहरू दलीय भागवण्डा तथा आफ्नो नाता गोता वा लेनदेनका आधारमा नगरी नीजले देश र जनताका लागि गरेको योगदान, योग्यता, क्षमता र अनुभवको आधारमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा गरिनुपर्दछ ।

६२. बारा जिल्लाको कबही, सिम्रौनगढ, छिन्नमस्ता, सोभरनपट्टी, सुईया बघौडा लगायत भारतीय सीमासँग जोडिएका तराई/मधेशका नाकाहरूमा भन्सार, छोटी भन्सार स्थापना गरी सञ्चालन गरिनुपर्दछ ।

६३. तराई/मधेश क्षेत्रलगायत विभिन्न स्थानमा खटिएका प्रहरी, सरकारी कर्मचारी र प्रशासनलाई स्थानीय जनताप्रति जिम्मेवार, अनुशासित मर्यादित बनाउने, त्यस क्षेत्रमा हुने गरेका प्रहरी प्रशासनको ज्यादती र दमन बन्द गरिनुपर्दछ ।

**६४. विपद् व्यवस्थापन सम्बन्धमा :**

हाल देशका विभिन्न भागहरूमा देखा परेका प्राकृतिक प्रकोप, बाढी, पहिरो वा भू-स्खलनका कारण निकै धनजनको क्षति हुनका साथै विकासका पूर्वाधारहरू क्षतिग्रस्त भएका छन् । यसबाट जनतालाई तत्काल उद्दार, राहत र पुनर्स्थापनाको कार्य गरी क्षतिग्रस्त भएका विकासका पूर्वाधारहरूको पुन:निर्माण यथाशीघ्र गरिनुपर्दछ ।

६५. तराई/मधेशलाई मरूभूमिकरणबाट जोगाउन र यसबाट सिङ्गो देशलाई बचाउन चुरिया क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गरी उत्खनन्, निर्माण तथा बसोबास आदि कार्यलाई रोक लगाउनुपर्दछ ।

६६. विगतमा भए गरेका भ्रष्टाचार, अनियमितता र अधिकारको दुरूपयोग जस्ता दर्जनौ काण्डहरूलाई ढाकछोप नगरी निष्पक्ष रूपमा अनुसन्धान गरी दोषी उपर कानुनी कारबाही गरिनुपर्दछ ।

६७. मधेश आन्दोलनको बेला नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालबीच भएको २२ बुँदे सम्झौता, नेपाल सरकार र संयुक्त मधेशी मोर्चाबीच सम्पन्न भएको ८ बुँदे सम्झौता, पीछडावर्ग, दलित, थारु आन्दोलन, आदिवासि जनजातिहरुसँग भएका सम्झौताहरु कार्यान्वयन गर्न बाँकी रहेका प्रावधानहरूलाई सरकारले यथाशिघ्र कार्यान्वयन गर्नुपर्दछ ।

...........................

उपेन्द्र यादव
अध्यक्ष

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



# रूपनगरमा सार्वजनिक पुस्तकालय स्थापना

सप्तरी । जिल्लाको रूपनगरमा 'रूपनगर सर्वोदय पुस्तकालय' नामक सार्वजनिक पुस्तकालय सञ्चालनमा आएको छ ।

रूपनगर नन्दराज संग्रौला क्याम्पस परिसरमा स्थापना गरिएको सो सार्वजनिक पुस्तकालयको उद्घाटन उच्च अदालत राजविराज इजलासका न्यायाधीश अर्जुन अधिकारीले आइतबार एक समारोहमा गरेका छन् ।

करीब पाँच हजार भौतिक पुस्तकका साथै केही हजार 'अफ लाइन' इ-पुस्तक राखेर आरम्भ गरिएको रूपनगर सर्वोदय पुस्तकालयमा आधा दर्जन विश्व स्तरीय 'अनलाइन' पुस्तकालयमा समेत पहुँच कायम गरिएको जानकारी क्याम्पस प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलले दिए ।

पुस्तकालयको उद्धाटन गर्दै न्यायाधीश अधिकारीले पठन संस्कृति हराउँदै गएको हाम्रो समाजमा पढ्ने र अनुसन्धान गर्ने बानी बसाल्न यो पुस्तकालयले मद्दत पुग्ने विश्वास व्यक्त गरेका छन् ।

हाल अमेरिकाको टेक्सास बस्ने इञ्जिनियर विजयराज भट्टराईको आर्थिक संयोजन तथा सहयोगमा रूपनगर सर्वोदय पुस्तकालय स्थापना गरिएको जानकारी प्राध्यापक गजुरेलले दिए । नेपाली भाषा, साहित्य र संस्कृति नै प्रवासमा नेपालीको पहिचान हो भनेर टेक्सासमा नेपालीहरूद्वारा सञ्चालित 'ग्लोबल नेपाली पाठशाला' मा करिव ६ वर्ष प्रिन्सिपलका रूपमा नेतृत्व गरेका भट्टराईले टेक्सासका समाजसेवीहरूको सहयोगमा 'सर्वोदय फाउण्डेसन नेपाल' स्थापना गरी मानव सेवा गर्दै आएका छन् ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त बिबिएस पढाइ हुने सप्तरी जिल्लाको रूपनगर स्थित




रूपनगर नन्दराज संग्रौला क्याम्पसमा पुस्तकालय स्थापना तथा सञ्चालनका लागि इञ्जिनियर विजयले झण्डै १३ लाख रूपिञा सहयोग गर्नु भएको जानकारी क्याम्पसले दिएको छ । अध्ययन, अनुसन्धान समाज विकासको जग हो भन्ने मान्यता राख्नु हुने भट्टराईले पुस्तकालय सञ्चालनका लागि दुई वर्षसम्म निरन्तर सहयोग समेत गरेका छन् ।

पुस्तकालय उद्धाटन समारोहलाई अमेरिकाबाट एक सन्देश पठाउँदै भट्टराईले 'यो सार्वजनिक पुस्तकालयले हाम्रो अध्ययन संस्कृतिमा मद्दत पुग्ने र हाम्रो यो प्रयास अरूका निमित्त प्रेरणा पनि बन्न सकोस्' भन्ने चाहना व्यक्त गरे ।

सप्तरी जिल्लामा एउटै पनि सार्वजनिक पुस्तकालय सञ्चालनमा नरहेको अहिलेको अवस्थामा रूपनगर सर्वोदय पुस्तकालय विविध विषयमा अध्ययन अनुसन्धान गर्नेहरूका लागि गहकिलो स्रोत केन्द्र बन्ने अपेक्षा गरिएको छ । 'पत्रपत्रिका, कम्प्यूटर, र इण्टरनेट समेतको सुबिधा उपलब्ध हुने पुस्तकालय रूपनगरमा मात्र होइन, सप्तरीको यो भेगकै लागि गौरव हुने' विश्वास क्याम्पस सञ्चालक समिति अध्यक्ष गिरिराज संग्रौलाको छ ।

बिहान क्याम्पसका विद्यार्थी र शिक्षकले प्रयोग गर्ने यो पुस्तकालय अपराह्न तीन घण्टा सार्वजनिक उपयोगका लागि खुला रहने छ । प्रयोगकर्ताका लागि पुस्तकालयमा सदस्यता प्रणाली लागू गरी पुस्तक घर लगेर पढ्न पाउने व्यवस्था समेत हुने जानकारी क्याम्पस प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलले दिए । तर सदस्य नबनेकाले पनि पुस्तकालय प्रयोग गर्न पाउने छन् ।

आठ हजार भन्दा वढी पुस्तक क्षमताको उक्त पुस्तकालयमा सवै उमेर, वर्ग, विषय, तह र पेशाका पुस्तकहरू राखिएका छन् । दैनिक तथा मासिक पत्रपत्रिका, इन्टरनेट र कम्प्युटर सुविधा सहितको यो पुस्तकालयको निर्माण हाल अमेरिकाको टेक्सास निवासी इञ्जिनियर विजयराज भट्टराईको आर्थिक संयोजनमा गरिएको कुरा प्राध्यापक गजुरेलले बताए ।

पुस्तकालय उद्धाटन समारोहलाई सम्बोधन गर्दै कञ्चनरूप नगरपालिकाका नगर प्रमुख ललन गुप्ताले नगरपालिकाले यस वर्ष एउटा सार्वजनिक पुस्तकालयका लागि वजेट छुट्याएको जानकारी दिए । रूपनगर क्याम्पस र यो पुस्तकालयलाई समेत सहयोग गर्ने प्रतिवद्धता उनले व्यक्त गरे ।

उक्त अवसरमा एक्मी इञ्जिनियरिङ कलेजका प्रिन्सिपल प्राध्यापक इ. प्रदीप पौड्याल, कञ्चनरूप नगरपालिकाका पुर्व नगर प्रमुख बसन्त मिश्र, तिलगंगा आँखा केन्द्र रूपनगरका डा. असिम छुस्याबाग लगायतले पुस्तकालयले हाम्रो गाउँमा पढ्ने बानी बसाल्ने आशा व्यक्त गरेका छन् ।

उक्त अवसरमा पाँच जना विद्यार्थीहरूलाई 'क्याम्पस छात्रवृत्ति' हस्तान्तरण गरिएको थियो ।

रूपनगर नन्दराज संग्रौला क्याम्पसका प्रमुख प्राध्यापक गजुरेलले क्याम्पस र पुस्तकालय बारे जानकारी दिँदै सञ्चालन गरेको कार्यक्रमको सभापतित्व क्याम्पस सञ्चालक समितिका अध्यक्ष गिरिराज संग्रौलाले गरेका थिए ।

# मधेशका विद्यालय बन्द गरेर आम शैक्षिक हडतालमा उत्रिने प्रभु साहको घोषणा



रौतहट । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले सरकारले मधेशमा विधार्थीको अनुपातमा शिक्षकको व्यवस्था नगरे सम्पूर्ण विद्यालयहरु बन्द गर्ने चेतावनी दिएका छन् ।

रौतहटको गुजरा नगरपालिकाको खतवहियामा आजपाद्धारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै साहले यस्तो चेतावनी दिएका हुन् । विधार्थीको अनुपातमा शिक्षकको व्यवस्था सरकारले मधेशमा नगरेको बताउँदै यसबारेमा सरकार गम्भिर नभएको उनले बताए ।

'मधेशको बिद्यालयमा बिद्यार्थीको चाप बढी छ । तर विधार्थीको अनुपातमा यहाँ शिक्षकको व्यवस्था सरकारले गरेको छैन । विधार्थीको अनुपातमा यहाँ बिषयगत र तहगत शिक्षकको व्यवस्था गराउँन सरकारको हामीले पटक पटक ध्यानाकर्षण गरायौं तर सरकार गम्भिर छैन' आजपा अध्यक्ष साहले भने, 'अब यस्तै हुने र यसैगरी चल्ने अवस्था भएन् । हामी चुप लागेर बस्दैनौं । सरकारले यथासिघ्र विधार्थीको अनुपातमा शिक्षकको व्यवस्था नगरे बाध्य भएर हामी सबै विद्यालय बन्द गरेर आम शैक्षिक हडतालमा उत्रिन्छौं ।'

हिजोको विरासत मधेशको राम्रो भएको र अरुलाई शिक्षा दिने मधेश आज किन पछाडी पर्यो भन्ने प्रश्न गर्दै साहले मधेश मानव विकास सूचांकमा पछाडी पार्ने काम सिंहदरबारमा बसेर लुटमचाउँनेले गरेको आरोप लगाए । मधेशवादी दलका नेताहरु लुटतन्त्रको व्यापारमा लागेको र सिंहदरबारले मधेशलाई समृद्ध बनाउँन नचाहेको बताउँदै साहले अब शैक्षिक आम हडतालको बिकल्प नभएको बताए ।

शिक्षा ऐनको मापदण्डअनुसार तराई मधेशमा ५० विद्यार्थीमा १ शिक्षक हुनुपर्ने, पहाडमा ४० विद्यार्थी बारबर १ शिक्षक, हिमालमा ३५ विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने प्रावधान रहेको छ। यो मापदण्ड निर्धारण गर्दा नै विभेदकारी रुपमा निर्धारण गरिएको छ । तर पनि यो मापदण्ड अनुसार तराई मधेशमा शिक्षकको व्यवस्था मन्त्रालयले गरेको छैन् ।

मधेशको शिक्षाप्रति चिन्तित रहेका साहले विगतदेखी नै मधेशको बिकास, समृद्धि, सचेतनाको बारेमा चासो राख्दै आएका छन् । राज्यको कुदृष्टिले मधेश कुरुप बनेको र मधेशवादी दलका भ्रष्ट चरित्रका कारण मधेश बदनाम भएको बताउँदै मधेशको बिकास, समृद्धिका लागि यहीका युवाहरु अग्रमोर्चामा आउँनुपर्ने बताए ।

शिक्षकको व्यवस्था गर, विधार्थीलाई गुणस्तरीय शिक्षा देउ भन्ने सुझाव दिदा समेत सरकारले नसुन्ने र मनपरी गर्ने कामले आम जनता दुखित भएको बताउँदै उनले सरकारलाई सडकबाटै जवाफ दिनुपर्ने समय आईसकेको बताए ।

मधेशमा विधार्थीको अनुपातमा शिक्षकको व्यवस्था गर्नुपर्ने माग गर्दै रौतहटको मौलापुरकी मेयर रिना कुमारी साहले केही समय पहिला शिक्षा मन्त्री विद्या भट्टराईलाई ध्यानाकर्षण पत्र बुझाएकी थिईन् । सिंहदरबारमै पुगेर मेयर साहले मन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाउँदा समेत अहिले सम्म मन्त्रालयले केही नगरेको आजपा केन्द्रीय सदस्य तथा लेखक डा. हेमप्रसाद साह बताए ।

आजपाको स्थानीय नेता सैतूलाहको अध्यक्षतामा भएको कार्यक्रममा आजपाका उपाध्यक्ष एवं पुर्वसांसद सामिना हुसेन, महासचिव त्रिभुवन साह, स्थायी कमिटी सदस्यहरु लालबाबु मंसूरी, नरेश तुराहा, चन्देश्वर बैठा, लखिन्द्र साह लगायतको विशेष सहभागिता रहेको थियो ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# नेपाल र भातरबीचको आपसी सद्भाव अभिवृद्धि गर्न उल्लेखनीय भूमिका निर्वाह गरें : परराष्ट्रमन्त्री

काठमाडौं । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले आफ्नो भारत भ्रमणले नेपाल र भातरबीचको आपसी सद्भाव अभिवृद्धि गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको बताएकी छन् ।

भारतको चार दिने औपचारिक भ्रमण सकेर बिहीबार स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उनले यस भ्रमणबाट दुई मुलुकका बीचमा रही आएको मैत्रीपूर्ण, सहयोगात्मक, बहुआयामिक र घनिष्ट सम्बन्धलाई आपसी समानता र लाभका आधारमा थप मजबुत तुल्याउन योगदान गरेको आफूले विश्वास लिएको बताएकी हुन् ।



मन्त्री डा राणाले भनिन् "भ्रमणले आगामी दिनमा उच्चस्तर एवं विभिन्न तहमा सम्पर्क विस्तार गर्न तथा द्विपक्षीय संयन्त्रहरू समेतका माध्यमबाट आपसी हितका लागि सहयोग र सहकार्य प्रबर्द्धन गर्न मार्गदर्शन समेत गरेको मैले विश्वास लिएको छु ।" उहाँले भारतका विदेशमन्त्री एस जयशङ्करको निमन्त्रणामा गत आइतबार नयाँ दिल्ली गएको र नेपाल र भारतको उच्चस्तरीय भ्रमण आदानप्रदानको कार्यक्रम अनुसार नै यो भ्रमण भएको जानकारी गराउँदै भारतका प्रधानमन्त्री र विदेशमन्त्रीसँग सौहार्दपूर्ण रुपमा भेटवार्ता भएको तथा ती भेटमा नेपालको हित र चासोका साथै आपसी हितका विविध विषयहरूमा कुराकानी भएको जानकारी दिइन् ।

# क्रिकेट रंगशालाहरू प्राथमिकतामा राखेर काम अगाडि बढाएको छु : खेलकुदमन्त्री चौधरी

काठमाडौं । युवा तथा खेलकुदमन्त्री तेजुलाला चौधरीले क्रिकेट खेलाडीका लागि भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकतामा राखेर काम अगाडि बढाएको बताएका छन् ।

नेपाल क्रिकेट संघ (क्यान) ले सोमबार काठमाडौंको सोल्टी होटलमा आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

नेपाल प्रिमियर लिगको लोगो सार्वजनिक गर्दै भने, 'क्रिकेट रंगशालाहरू बनाउनको लागि प्राथमिकतामा राखेर धमाधम काम अगाडि बढाएको छु। धनगढी क्रिकेट रंगशाला, चितवनको अन्तराष्ट्रिय



क्रिकेट रंगशालालगायतका खेल पूर्वाधारहरू मेरै पालामा सुरू गर्छु।' उनले क्रिकेटका लागि धनगढीमा बन्न लागेको क्रिकेट रंगशाला सभ्य र भव्य रुपमा निर्माण हुनेमा विश्वाससमेत दिलाए ।

मन्त्री चौधरीले नेपालका मुख्य शहरहरूको नाममा आधारित फ्रेन्चाइज प्रणालीमा खेलिने क्रिकेट संघको उद्देश्य एकदमै सराहनीय रहेको भन्दै स्थानीयस्तरबाट क्रिकेट खेलाडी उत्पादन गर्नुपर्नेमा जोड दिए ।

'अब नेपालका मुख्य शहरहरूको नाममा आधारित फ्रेन्चाइज प्रणाली ल्याउने क्यानको उद्देश्य सराहनीय छ,' उनले भने, 'यसबाट स्थानीयस्तरबाट क्रिकेट खेलाडी उत्पादन गर्नुपर्छ। यो क्रिकेटको दीर्घकालीन विकासका लागि उत्तम हुन्छ।'

नेपाली क्रिकेटले भविष्यमा पर्यटन, अर्थतन्त्र र रोजगारीलाई ठूलो टेवा पुग्नेमा उनको जोड थियो ।

टी-२० फ्रेन्चाइज लिग नेपाल प्रिमियर लिग आगामी मंसिर १५ गतेदेखि हुँदैछ । १५ मंसिरदेखि हुने प्रतियोगिता ६ पुससम्म चल्नेछ ।




## जिल्ला समाचार

### कृषि तथा पशु सेवा केन्द्रको शिलान्यास

प्रेमचन्द्र झा, रौतहट । ग्रामीण उद्यम तथा आर्थिक विकास परियोजना काठमाडौको आर्थिक सहयोग गौरमा निर्माण हुन लागेको कृषि तथा पशु सेवा केन्द्रको एक कार्यक्रम बिच शुक्रबार शिलान्यास गरिएको छ ।

ग्रामीण उद्यम तथा आर्थिक विकास परियोजना काठमाडौंको आर्थिक सहयोग दुई करोड चालिस लाख तीस हजार रुपैयाँको लागतमा बन्न लागेको सो तीन तल्ले भवनको गौर नगर प्रमुख शम्भु साहले कृषि तथा पशु सेवा केन्द्र को एक कार्यक्रम बिच शुक्रबार शिलान्यास गरेका हुन् ।

सो कृषि प्रयोगशालाबाट माटो परिक्षण, पोखरीको पानीको परिक्षण, विउको परिक्षण ,बाली तथा फलफुलमा लाग्ने रोग किराको परिक्षण, मलखाद परिक्षण हुने छ ।

पशु प्रयोगशालाबाट गोबर परिक्षण ,पशुको रगत तथा पिसाब परिक्षण पशुको शल्यक्रिया, कृत्रिम गर्भाधारण, पशुको अल्ट्रासाउन्ड, एक्स-रे लगायतका काम हुने प्रमुख प्रशासकीय अधिकृत सुभाष कुमार ठाकुरले बताए ।

सो भवन निर्माणका ठेक्का समझौता सिएम कन्ट्रकसन जोरपाटी काठमाडौं ले पाएका छन । सो भवनका लागि दुई करोड ३० लाख ४०हजार रुपैयाँको समझौता गरिएको हो ।

सो प्रयोगशाला भवनमा कोठा संख्या १० रहेकोमा २०८२ साल बैशाख मसान्तभित्र निर्माण कार्य सम्पन्न गर्नु पर्ने छ । उक्त भवनको भुई तल्लामा कृषि र पशुको अत्याधुनिक ल्याव, पहिलो तल्लामा ५० जना अटने सभाकक्ष र दोस्रो तल्लामा अतिथि गृह रहने प्रमुख प्रशासकीय अधिकृत ठाकुरले बताए ।

### दुर्घटनामा दुई जनाको मृत्यु

सप्तरी । कन्चनरूप नगरपालिका-१० बदगामास्थित सडकमा ट्याङ्कर र मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु भएको छ । को.१ ख ७४१४ नम्बरको ट्याङकर र प्र.१-०२-०४७ प १२८० नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई शुक्रबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको हो । दुर्घटनामा मोटरसाइकलमा सवार सुनसरी हरीनगरा गाउँपालिका-३ बस्ने ४१ वर्षीय महेश कुमार मेहताको घटनास्थलमै र गम्भीर घाइते भएका सोही ठाउँ बस्ने ४२ वर्षीय जय प्रकाश मेहताको गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका ट्याङकर चालकको धर्मेश्वर अस्पताल ठेलियामा उपचार भइरहेको छ ।

### खोलामा डुबेर दुई बालिकाको मृत्यु

धनुषा । मिथिला बिहारी नगरपालिका-९ स्थित जलाद खोलामा नुहाउने क्रममा डुबेर दुई बालिकाको मृत्यु भएको छ । सोही ठाउँ बस्ने नथुनी यादवकी छोरी ९ वर्षीया स्मृती कुमारी यादव र सोही ठाउँ मामाघरमा बस्दै आएकी लक्ष्मिनिया गाउँपालिका-३ कुम्रौरा घर भएका दिनेश यादवकी छोरी १० वर्षीया सन्ध्या कुमारी यादवको मृत्यु भएको छ ।

# 'भ्रष्टाचारी नेताहरूलाई देशबाट लखेट्न युवाहरूले ढिलाई गर्नु हुँदैन'

सर्लाही । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले नेपाली कांग्रेस र नेकपा एमालेको दुई दलीय गठबन्धन धेरै दिन नटिक्ने ठोकुवा गरेका छन् । आजपाको सर्लाही जिल्ला भेलालाई आज मलंगवामा सम्बोधन गर्दै अध्यक्ष साहले आम जनादेश विपरितको सिमित नेताको स्वार्थमा बनेको कांग्रेस र एमालेको दुई दलीय गठबन्धन धेरै दिन नटिक्ने बताए ।

'यो दुई दलीय गठबन्धन धेरै दिन टिक्दैन् । यो गठबन्धन नै जनादेश विपरितको छ । केही सिमित नेताजीको स्वार्थका लागि बनेको गठबन्धन हो । वास्तवमा यो गठबन्धन होईन ठगबन्धन हो' आजपा अध्यक्ष साहले भने, 'जनादेश विपरित, सिमित नेताको स्वार्थका लागि बनेको यो दुई दलीय गठबन्धन आम जनताको चाहनामा बनेको होईन् । केही सिमित नेताको स्वार्थका लागि बनेको दुई दलीय गठबन्धनको सरकार धेरै दिन टिक्दैटिक्दैन् ।'

भ्रष्ट नेताहरुको अन्त्य र आम जनताको शासन व्यवस्थामा सहभागिताका लागि तेस्रो जनआन्दोलनको बिकल्प नभएको बताउँदै उनले दलाल दलतन्त्र विरुद्धको जनआन्दोलनको तयारीमा जुटन आह्वान गरे । लुटेरा र भ्रष्ट नेताहरुको अन्त्य हुनै पर्ने बताउँदै उनले अब देश लुटने नेताहरुलाई राज्यले कारवाही गर्न नसकेकाले अब जनताले नै जनकारवाही गनुपर्ने बताए ।

'भ्रष्ट नेताहरु मालामाल भएका छन्, आम जनता लाचार छन् । काण्डैकाण्डले देश बदनाम छ । युवाहरु विदेशमा मर्नुपर्ने स्थितिको अन्त्यका लागि तेस्रो जनआन्दोलनको बिकल्प छैन' साहले भने, 'भ्रष्टाचारीहरु अहिले सम्मानित भईरहेका छन तर स्वभिमानी युवाहरु अपमानित हुनुपर्ने, विदेशमा मर्नुपर्ने अवस्थाको अन्त्य हुनैपर्छ । राज्यले नै भ्रष्टाचारीलाई जोगाउँने सम्मान गर्ने कामले देश कंगाल बन्दै गईरहेको छ । आम जनताको शासन व्यवस्थामा सहभागिताका लागि युवाहरु उठनैपर्छ ।'

देशमा लोकतन्त्र कमजोर भएको बताउँदै उनले दलाल दलतन्त्रका कारण अहिले युवाहरु देशमै रोजगार नपाउँने अवस्था आएको बताए । लडेर ल्याइएको लोकतन्त्र दलाल, भ्रष्ट नेताहरुले मास्न लागेको आरोप लगाउँदै साहले भने, 'लोकतन्त्रलाई पार्टीका नेताहरुले मिलेर मासे र दलतन्त्र ल्याए । आज दुई दल मिलेर त्यही दलतन्त्र मास्न लागिरहेका छन् ।'

एमाले र कांग्रेसको दुई दलीय सिण्डीकेटले लोकतन्त्र मात्रै नभई दलतन्त्र पनि खतरामा परेको टिप्पणी गर्दै उनले एमाले र कांग्रेसको दुई दलीय सिण्डीकेट तोड्न तोडनुपर्ने बताए । लुटकारी दलाल दलतन्त्रको विरुद्धमा र आम जनताको शासन व्यवस्थामा सहभागिताका लागि तेस्रो जनआन्दोलनको आह्वान गरेका साहले भ्रष्टाचारी नेताहरुलाई देशबाट लखेटनमा युवाहरुले ढिलाई गर्न नहुने समेत बताए ।

डा. नवलकिशोर साहको अध्यक्षतामा सम्पन्न सो भेलामा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, उपाध्यक्ष रिता साह, महासचिव त्रिभुवन साह, उपमहासचिव चन्द्रभूषण साह सचिव उमेश कुशवाहा लगायतका नेताहरुको विशेष सहभागिता रहेको स्थायी कमिटी सदस्य रविन्द्र सिंहले जनाएका छन् ।

# शिक्षाको स्तर हेरेर नै नेपाली समाजको अवस्था थाहा हुन्छ : डा. यादव

काठमाडौं । नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादवले नेपाली समाजलाई कहाँ लगिँदै छ भन्नेकुरा शिक्षाको स्तर हेरेर नै थाहा हुने बताएका छन् ।

स्व.प्रदीप गिरीको दोस्रो स्मृति दिवसको अवसरमा नेपाली कांग्रेसको पेशागत तथा बुद्धिजीवी विभागले बिहीबार आयोजना गरेको कार्यक्रममा बोल्दै उनले शिक्षा क्षेत्रको सुधारका लागि सरकारको नेतृत्व तहबाट काम हुन नसक्दा संविधानमाथि दोष दिने गरिएको उल्लेख गरे । शिक्षा विधेयक अहिले संसद्मा रहेको भन्दै यसमा आवश्यक विचार विमर्श गर्न उनले आग्रह गरे । 'अहिले शिक्षा विधेयक हाउसमा छ । ८० प्रतिशत सामुदायिक विद्यालयहरुमा पर्याप्त शिक्षक छैनन् । ५२ प्रतिशत विद्यार्थी इसईईमा फेल भए भइरहेका छन् । मुख्य-मुख्य शिक्षकहरु नै छैनन् । राहत वा सामुदायिकस्तरमै राखेर जेनतेन अध्ययन गराइएको छ । यसले नेपाली समाजलाई कहाँ लगिएको छ भन्ने देखाउँछ । संविधानको दोष छैन,' उनले भने । डा. यादवले संविधानमा गणतन्त्र, लोकतन्त्र, समावेशी र संघीयताको व्यवस्था रहेकाले त्यो कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । उनले ८० प्रतिशत खाद्यान्न ल्याउने अनि समाजवाद खोज्ने परिपाटी गलत भएको बताए ।




डा. यादवले कांग्रेस पार्टीलाई सत्तामा नगइ नहुने भन्ने सोच नै गलत भएको उल्लेख गर्दै काङ्ग्रेसको इतिहासको स्मरण गरे । उनले अन्तर्राष्ट्रिय स्तरमा कांग्रेसको राम्रो पहिचान रहेको भएपनि काम गर्न नसकेको भन्दै चिन्ता व्यक्त गरे । नेपाली काङ्ग्रेसका नेता तथा सांसद डा. चन्द्र भण्डारीले नेतृत्व सही ढंगको नआएसम्म व्यवस्था परिवर्तन गरेर मात्र समाज परिवर्तन नहुने बताए । उनले जनताले लडेर व्यवस्था परिवर्तन गरेको तर नेतृत्व विवेकशील हुन नसक्दा समाज परिवर्तन नभएको बताए । उनले भने, 'व्यवस्था परिवर्तन गरेर समाज परिवर्तन हुदैँन। जबसम्म नेतृत्वको इच्छा शक्ति हुदैँन् तबसम्म परिवर्तन संभव छैन। महिला, दलित, थारु अगाडि आएपनि कसैको पछि लागेर मात्र आउन सके । गल्ती यही भयो । नेतृत्व दुरदर्शी भएन । नेतृत्व आफ्नो परिवार र सम्पत्तिभन्दा बाहिर जान सकेन ।

यस्तै, उनले समाजवादको कुरा गरेर मात्र केही नहुने भन्दै जनताले महशुस हुने हिसाबले समाजवाद ल्याउनुपर्ने बताए ।

नेपाल जस्तो धनी र राम्रो देश विश्वमा कतै नभएपनि नेपालका युवाहरु देशमा बस्न नचाहेको भन्दै यो सबै गलत नेतृत्व, स्वार्थी व्यक्तिको छनोटको कारणले भएको उनको भनाई थियो ।

राजनीति शास्त्री प्रा कृष्ण खनालले बुद्धिजीवी सरकारको निर्देशनमा हिडदैन, तर उसको पनि राजनीतिक आस्था हुन्छ भन्दै राजनीतिक आस्था र आफ्नो पेशा व्यवसायबीच लक्ष्मण रेखा कोर्न आग्रह गरे। स्व प्रदीप गिरीमा सुकरातको शैली आफुले पाएको भन्दै उनले चिया गफ गर्दा पनि गम्भीर राजनीतिक विमर्श गर्ने गरेको स्मरण गरे। ह्यारोल्ड लास्की, शशी थरुर, प्रदीप गिरी जस्ता विद्वान आफु सम्बद्ध पार्टीको नेतृत्वमा आउन नसकेको बताउंदै अहिले कांग्रेस लगायतका पार्टीमा विचार नै हराएको गुनासो गरे। २१ औं शताब्दीलाई मार्ग निर्देशन गर्ने विचारको अहिले अभाव छ। अहिलेको राजनीतिमा विचार र छलफलको अभाव छ, प्रा खनालले भने।

कार्यक्रमकी सभाध्यक्ष तथा कांग्रेसको पेशागत तथा बुद्धिजीवी विभागकी प्रमुख डा. डिला संग्रौलाले स्वर्गीय प्रदिप गिरीले व्यक्त गरेको विचार र अवलम्बन गरेको बाटो आजको दिनमा पनि अपरिहार्य भएको बताइन् । 'गिरी जस्ता व्यक्तिहरु भौतिक रुपमा नरहेपनि विचारका रुपमा कहिल्यै मर्दैनन् । आजको समाजवाद भनेको महिलाको मुक्ति हो, युवाले मुलुकभित्रै रोजगारी पाउनुपर्छ भन्ने हो, अस्पतालमा विरामीले उपचार पाउनुपर्छ अर्थात संविधानले व्यवस्था गरेको मौलिक हकमा भएको शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी हुनुपर्छ भन्ने हो । किसानले समर्थन मूल्य पाउनु नै समाजवाद हो,' उनले भनिन् ।

नेपाल प्रज्ञा प्रतिस्ठानमा आयोजित कार्यक्रममा डा उद्धव सिग्देलले "नेपालमा प्रजातान्त्रिक समाजवादः वर्तमान र भविष्य" विषयक छलफलको उठान गरेका थिए भने सहप्राध्यापक लोकनाथ दुलालले कार्यक्रम संचालन गरेका थिए।

# मधेशमा फिल्म सिटी निर्माण गर्न भोजपुरीकी चर्चित कलाकार साहको माग

काठमाडौं । भोजपुरीकी चर्चित कलाकार ममता साह (कनक)ले कलाकारलाई हेर्ने दृष्टिकोण सरकारको राम्रो नभएको आरोप लगाएकी छन् ।

कलाकारले आफ्नो सम्पूर्ण जिवन समाज, मुलुकका लागि दिएको भए पनि राज्यले कलाकारलाई हेर्ने दृष्टिकोण राम्रो नभएको साहले आरोप लगाएकी छन् ।

कलाकारलाई सम्मान गर्नुपर्ने, इजत गर्नुपर्ने तर सरकारले कलाक्षेत्रको बिकासका लागि कुनै राम्रो योजना नल्याएको उनले जनाएकी छन् । फिल्म सिटी निर्माणदेखी कलाकारहरु रिटायर भएपछि उनीहरुलाई पेन्सनको व्यवस्था गर्नुपर्ने भए पनि सरकारले कलाकारको कुरा नसुनेको उनको आरोप छ ।

'कलाकार माथि राज्यको ध्यान छैन् । कलाकारले आफ्नो सम्पूर्ण जिवन समाजलाई दिएको हुन्छ । तर सोही अनुसारको सम्मान कलाकारले सरकारबाट पाएको छैन' भोजपुरीकी चर्चित



कलाकार साहले भनिन्, -'म सरकारलाई भन्न चाहन्छु, कलाकारलाई इजत गर्नुस्, सम्मान गर्नुस् र कलाकारको बर्गिकरण गर्नुस् । साथै उनीहरुलाई सेवा सुविधा पनि दिनु । हाम्रो पनि लगानी छ सरकारमा । म सरकारलाई भन्न चाहन्छु, हामी रिटार्य भएपछि कसरी बाच्ने ? पेन्सनको व्यवस्था गर्नुस् । हामीलाई बाच्ने आधार दिनुस, नत्र हामी कलाकारहरु चुप लागेर बस्दैनौं ।'

आम जनता पार्टी (आजपा) निकटको आम साँस्कृतिक मोर्चाकी कोषाध्यक्ष समेत रहेकी साहले कलाक्षेत्रको बिकासका लागि सरकारले गर्नुपर्ने लगानी नै नदेखिएको आरोप समेत लगाईन् । नेपालमा कलाक्षेत्रको विकासका लागि सरकारले अत्याधिक लगानी गर्नुपर्ने भए पनि सरकारले लगानी नै नगर्ने कामले कलाकारहरु असन्तुष्ट रहेका छन् ।

उनले फिल्ट सिट निर्माणमा सरकारले लगानी गर्नुपर्ने माग समेत गरिन् । सरकारले लगानी गरेमा नेपालको फिल्म उधोग पनि राम्रो भविष्य भएको बताउँदै उनले त्यसका लागि सरकार योजनाबद्ध तरिकाले कलाक्षेत्रको विकासमा लगानी गर्नुपर्ने बताईन् ।

नेपाली कलाकार मिहिनेती र लगनशिल भएको बताउँदै उनले राम्रो लगानी भए नेपाली कलाकारले पनि राम्रो प्रतिफल दिन सक्ने बताईन् । भोजपुरी भाषाको गितसंगित, फिल्मप्रति बढदै गईरहेको चासो एवं चाहनालाई सम्बोधन गर्न सरकारले मधेशमा सुविधा सम्पन्न फिल्म सिटी निर्माण गर्नुपर्ने समेत उनले बताईन् ।

# भारतद्वारा थप २५१ मेगावाट विद्युत निर्यातका लागि स्वीकृत

काठमाडौं । अन्तरदेशीय व्यापार हेतु भारतको तोकिएको प्राधिकरणले नेपालका १२ वटा जलविद्युत परियोजनाहरुबाट थप २५१ मेगावाट विद्युत निर्यातका लागि स्वीकृत गरेको छ ।

नेपालले पहिलो पटक बिहारमा मध्यकालीन विद्युत बिक्री सम्झौतामार्फत विद्युत निर्यात गर्ने भएको छ । यसले कुल स्वीकृत परिमाण ६९० मेगावाट (१६ वटा परियोजनाबाट) बाट ९४१ मेगावाट (२८ वटा परियोजनाबाट) पुग्छ ।

यो २५१ मेगावाट स्वीकृत हुनु अगावै नै गत आर्थिक वर्षमा नेरु. १६.९३ अर्ब रुपैयाँ बराबरको विद्युत बिक्री गरी नेपाल खुद विद्युत निर्यातकर्ता र खुद राजस्व उत्पादनकर्ता बनिसकेको छ । सन् २०२१ अक्टोबरमा भारतले



पहिलो पटक नेपालबाट भारततर्फ ३९ मेगावाट विद्युत निर्यातका लागि अनुमति दिएको थियो । तीन वर्षभन्दा कम अवधिमा यो आँकडा २४ गुणा भन्दा बढीले बढेको छ ।

इन्डियन इनर्जी एक्सचेन्जको डे अहेड मार्केटमा बिक्री गरी नेपालले पहिलो पटक ऊर्जा निर्यात सुरु गर्‍यो । त्यसयता भारतले रियल टाइम मार्केटमा समेत पहुँच प्रदान गरेको छ । नेपाल विद्युत प्राधिकरणले हरियाणा र बिहारका डिस्कमसँग मध्यकालीन विद्युत बिक्री सम्झौता पनि गरेको छ ।

भारतले भारतका खरिदकर्ताहरुका लागि जलविद्युत खरिद दायित्व (एचपीओ) को एक हिस्साको रुपमा नेपालबाट हुने जलविद्युत आयात गणना गर्ने प्रावधान पनि खोलेको छ जसले खरिदकर्ताहरुलाई नेपालबाट विद्युत खरिद गर्न प्रोत्साहित गर्दछ ।

नेपाल र भारतबीचको दीर्घकालीन ऊर्जा सम्झौताले आगामी १० वर्षमा नेपालबाट भारतलाई १० हजार मेगावाटसम्म विद्युत् बिक्री गर्ने परिकल्पना गरेको छ । यो सम्झौताको पहिलो वर्ष हो र झण्डै एक हजार मेगावाट निर्यात भइसकेको छ ।

यी गतिविधिसँगै नेपाल दक्षिण एसिया क्षेत्रकै प्रमुख जलविद्युत निर्यातकर्ता बन्ने बाटोमा छ । बंगलादेशलाई ४० मेगावाट विद्युत बिक्री गर्ने सम्झौता टुङ्गो लागी मिति २०८१ श्रावण १३ गते हस्ताक्षर गर्ने योजना थियो तथापि बंगलादेशको पछिल्लो राजनीतिक घटनाक्रमका कारण सो स्थगित भयो ।


## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिंकहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमितरुपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
**हनुमानस्थानचोक, अनामनगर, काठमाडौं**
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं